सहमति सन्देश

२०५८ सहमति
(समुदाय र मानवता विकासका लागि प्रतिवद्ध संस्था)

त्रैमासिक

वर्ष ८, अङ्क ३, पूर्णाङ्क ३० (Year 8, Vol. 3, Issue 30) माघ-चैत्र, २०६९ / Jan-Mar. 2013, SAHAMATI SANDESH

संस्थागत कुरा

आजको २१ औ शताब्दीमा संसारका धेरै देशहरुले विकासका खुड्किलाहरु पार गर्दै अन्तरिक्ष तहमा समेत प्रतिस्पर्धात्मक कार्यहरु गर्दै आएका घटनाहरु सुन्ने तथ अध्ययन गर्ने मौका मिलेको छ । यस्ता कुराहरु सुन्दा र पढ्दा हामी नेपाल जस्तो गरिब र अविकशित देशका नागरिकहरुलाई आश्चर्य लाग्नु स्वाभाविकै हो । बाह्य सूचनाबाट आश्चर्य मान्नु भन्दा पनि त्यसलाई उदाहरणको रुपमा लिदै स्थानीय स्रोतको पहिचान र परिचालन गरी देशका नागरिकहरुको आर्थिक तथा सामाजिक विकासमा लागि पर्नु पर्ने हुन्छ ।

विकासको कुरा गर्दा आर्थिक पक्षका साथसाथै सामाजिक विकासको पक्षलाई जोडदिनु पर्ने हुन्छ । सामाजिक विकासका लागि हालसम्म पनि समाजमा रहेको सामाजिक विभेदका अवशेषहरुले अवरोध खडा गरिरहेका छन् । त्यसकारण सामाजिक विभेदका रुपमा देखा परेको महिलाहरु प्रतिको दमन र एक जात र अर्को जात बीचको असमानतालाई अन्त्य गर्नका लागि सामाजिक विकासका लागि प्रतिवद्ध संस्थाहरु लागि पर्नुपर्ने आजको आवश्यकता हो ।

समाजको विकासको लागि एउटा सिक्काका दुई पाटा भए जस्तै महिला र पुरुषको समान सहभागिता विना सम्भव छैन । अझै पनि गाउँघरमा हेर्‍यौं भने महिलाहरु घरबाट बाहिर निस्कन नपाएको, बाहिरी वातावरणमा घुलमिल हुन नपाएको, आर्थिक गतिविधिमा सहभागिता हुने अवसर नपाएको अवस्था छ । यस अवस्थामा केहि सुधार ल्याउने उद्देश्यले वर्तमान अवस्थामा सहमति र यस्तै सामाजिक क्षेत्रमा काम गर्ने संस्थाहरुले समूह र सहकारी मार्फत सबै जातजातिका महिलाहरुलाई आवद्ध हुने वातावरण सृजना गरिरहेका छन् । जसको सवाल उसकै नेतृत्व भन्ने युक्तिलाई सार्थकताका लागि सहमतिले विभिन्न सहयोगी संस्थाहरुको साझेदारीमा विभिन्न जिल्लामा सहकारीको माध्यमबाट महिलाहरुको आर्थिक तथा सामाजिक सशक्तिकरणका कार्यक्रमहरु विगतका वर्षहरुदेखि सञ्चालन गर्दै आएको छ । यस्ता कार्यक्रमबाट सकारात्मक परिवर्तनहरु भएको देख्न पाउँछौ । उदाहरणको लागि सिंगो मकवानपुर जिल्लामा महिलाहरुको नेतृत्व, सिन्धुली जिल्लामा महिलाहरुको नेतृत्वको शुरुवात भईसकेको छ भने अन्य जिल्लाहरु जस्तैं नवलपरासी, बाग्लुङ्ग र म्याग्दी जिल्लामा समेत महिलाहरुको सक्रिय सहभागितामा वृद्धि भईरहेको छ । यस अंकमा प्रकाशित सफलताका कथामा उल्लेख भएका परिवर्तनका संकेतहरुमा ललिता वि.क. (रतनचुरा, सिन्धुली) हेमा परियार (हत्पते, सिन्धुली) लता स्यान्ताङ्ग (भीमस्थान, सिन्धुली), चिन्तादेवि दाहाल (भिमस्थान, सिन्धुली) सानीमाया कार्की (आमबोटे, सिन्धुली) र मनरुपा पुन (निस्कोट, म्याग्दी) देखा परेका छन् । उहाँहरुको सिकाईबाट अन्य दिदीबहिनीहरुमा पनि उर्जा थपिने विश्वास गर्न सकिन्छ ।

यस अंक प्रकाशनको क्रममा लेख, रचना, सफलताका कथा उपलब्ध गराई सहयोग गर्नुहुने सहमति टिमका सम्पूर्ण साथीहरु र प्रकाशनमा सहयोग गर्ने लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम र सहयोगी संस्था प्लान नेपाल सिन्धुलीलाई धन्यवाद सहित आभार प्रकट गर्दछु ।

रत्नप्रसाद सापकोटा
उपाध्यक्ष

सहमतिका मूल्य र मान्यताहरु

- सामुहिकता र सामाजिक सद्भावका लागि ऐक्यवद्धता
- कार्यक्रमका सबै पक्षहरुमा पारदर्शीता
- मानवीय स्वाभिमानको संरक्षण र विकास
- लाभान्वित वर्ग, संस्था र सबै सरोकारवालाहरुको प्रशंसा
- सबै पक्षसँग मिलेर सहमतिमा कार्य
- सामुहिक कार्यको आत्मसात
- संस्था भित्र र कार्यक्रममा समावेशीकरण (महिला, आर्थिक र सामाजिक रुपमा विभेदित समुदायहरु)
- सुशासन र स्व-निर्भरताको प्रवर्द्धन

यस भित्र ....

- ❑ सहकारी लघुवित्त सम्बन्धी लेख, रचना र सफलताका कथाहरु,
- ❑ हाल सञ्चालित साझेदारी कार्यक्रमहरुको त्रैमासिक उपलब्धिहरु,
- ❑ लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम (CBMFIYO) का झलकहरु

सहमति सन्देश

वर्ष–८, अङ्क–३, पूर्णाङ्क–३०
(माघ–चैत्र २०६९)

संरक्षक
करुणा सागर सुवेदी
अध्यक्ष, सहमति

संकलन तथा संयोजन
सरोज भुषाल–कार्यक्रम अधिकृत

सम्पादन टोली
रत्न प्रसाद सापकोटा– उपाध्यक्ष/सहमति
नारायणी बास्तोला – कोषाध्यक्ष/सहमति
विमला खनाल – सदस्य/सहमति

विशेष सहयोगी
होमनाथ सुवेदी – महासचिव
भीमप्रसाद शर्मा – कार्यसमिति सदस्य
अशोकराज पोखरेल–केन्द्रीय कार्यक्रम व्यवस्थापक

सहयोगी
तिलक प्र. सापकोटा–कार्यक्रम संयोजक, CBMFIYO

कम्प्यूटर
रीता कुमाल–वरिष्ठ कम्प्युटर अपरेटर

प्रकाशन सहयोगी
प्लान नेपाल

पत्राचार तथा सुझावका लागि
सहमति
गैंडाकोट–५, नवलपरासी
फोन नं. : ०५६–५०२०९०, ५०२३७३
फ्याक्स : ०५६–५०२२७७
इमेल : sahamati@wlink.com.np
वेभसाइट : www.sahamati.org

मुद्रण :
शुभकामना अफसेट प्रेस
Shubhakamana Offset Press
शहीदचोक, नारायणगढ, फोन: ०५६–५७१७८५
इमेल : shubhakamana_press@yahoo.com

सम्पादकीय........

समुदायको प्रत्यक्ष सहभागीता र समुदायकै स्वामित्वमा सञ्चालन र सम्पन्न भएका प्राय: कार्यक्रमहरु दिगो विकासका लागि ग्रामीण समुदायमा कोशे ढुङ्गा नै सावित भएका छन् । यही सामुदायिक सहभागितामा महिलाहरुलाई समूह, समूहमा आवद्ध गराएपछि त्यहि समूहलाई सहकारीय प्रणालीमा विकसित गराइ सेवा पुऱ्याउने उद्देश्यले सञ्चालन र सेवा पुऱ्याइरहेका मकवानपुर जिल्लाका महिला सहकारीले पुऱ्याएको योगदानलाई प्लान नेपाल, सहमति र स्थानीयस्तरमा रहेका सबैजसो संघसंस्थाले प्रशंसा र अनुशरण गरेको पाइन्छ ।

सहमतिका मूख्य लक्षित वर्ग अन्तर्गत पर्ने बालबालिका, युवा, महिला, जेष्ठ नागरिक र सीमान्तकृत मध्ये महिलाहरु केन्द्रित कार्यक्रम अत्यन्तै सफल भई स्वयं समुदाय र सहमतिले पनि जस पाउनुलाई महिलाहरु माझ सहमतिले अझ थप कार्य गर्नुछ भन्ने कुराको बोध गराउँछ ।

यस्तै कार्यहरुमध्ये मकवानपुरको सफलतालाई सिकाइ र सृजनशिलताको रुपमा लिएर अहिले सिन्धुली जिल्लाका २० गाविस, बाग्लुङ्ग जिल्लामा ११ गाविस, म्याग्दी जिल्लाका २७ गाविसमा दलित, महिला, अपाङ्गता भएका तथा किशोरीहरुलाई लक्षित गरेर उनीहरुको सामाजिकस्तरमा पहुँच अभिवृद्धि गर्ने आर्थिक अवस्थालाई सुदृढीकरण गर्ने र हरेक संघसंस्थामा महिला, अपाङ्गता तथा किशोरीहरुको सफल सहभागिताका लागि प्रयासरत उद्देश्यले सञ्चालन भएका यस्ता कार्यक्रमहरुलाई सहमतिले नेपालका अन्य जिल्लामा पनि परिवर्तन गर्नुपर्ने देखिन्छ ।

महिलाहरुमाझ गरिएका यस्ता कार्यक्रमहरुको प्रक्रियागत रुपमा केही सुधार गर्नुपर्ने आवश्यक छ । तापनि सिन्धुली जिल्लामा छोटो समयमा प्राप्त गरेको सफलतालाई अझ उचाइमा लैजान कार्यक्रमका तर्फबाट थप मेहनत र सृजनशिलतालाई ध्यान दिन जरुरी पनि छ । यद्यपी ग्रामीण समुदायका निरक्षर, साक्षर, दलित, किशोरी, अपाङ्गता तथा सबै वर्ग र उमेरका महिला तथा किशोरीहरुमाझ कार्यक्रम जसरी लोकप्रिय भइरहेको छ यसको उचाइलाई थामि रहन स्वयं समुदायका समूह तथा सहकारीलाई अगुवाई गरेका महिलाहरु र सहकारीका अनुयायीहरुले पनि समय समयमा आ–आफ्ना समूह तथा सहकारीको अनुगमन र सकारात्मक पृष्ठपोषण सही समयमा लिने, दिने गरियो भने ग्रामीण समुदायमा रहेका सहकारीहरुले आफ्नो सेवालाई अझ चुस्त, दुरुस्त र विस्तार गर्न सक्षम हुने कुरामा कुनै दुईमत देखिदैन ।

❖❖❖

बचत तथा ऋण सहकारी संस्थाको कार्यसम्पादन लेखाजोखा

✍ अशोक राज पोखरेल
केन्द्रीय कार्यक्रम प्रबन्धक, सहमति, गैंडाकोट

बचत तथा ऋण सहकारी संस्था गठन गर्नु आफैंमा ठूलो कुरा होइन । नेपालमा हजारौंको संख्यामा यस्ता सहकारी संस्थाहरु विद्यमान छन् । आफ्ना सदस्यहरुलाई निरन्तर गुणस्तरीय वित्तीय सेवा दिने सहकारी संस्था स्थापित गर्नु चुनौतिको विषय हो । कुनै पनि सहकारी संस्थाको निरन्तरताको अनिवार्य शर्त दीर्घकालीन रुपमा उच्च कार्यसम्पादन कायम गरी राख्ने क्षमता हो । यसकारण पनि सहकारीको कार्यसम्पादनका प्रमुख पक्षहरु तथा उक्त पक्षहरु मापन गर्ने, तुलना गर्ने र मूल्याङ्कन गर्ने तौरतरिका महत्वपूर्ण हुन्छन् नै । सहकारी संस्थाको कार्यसम्पादनलाई प्रभावकारीता (Effectiveness), कार्यक्षमता (Efficiency) र दीगोपना (Sustainability) गरी तीन आयामबाट लेखाजोखा गर्न सकिन्छ ।

बचत तथा ऋण संस्थाद्वारा इच्छाइएको परिणाम प्राप्त गर्ने सामर्थ्यताको हद नै प्रभावकारीता हो । प्रभावकारीता मापनका निम्ति संस्थाका लक्ष्य, उद्देश्य र रणनीतिहरु स्पष्टरुपमा परिभाषित गरिएका हुनुपर्दछ । सहकारी संस्थाहरुले आफ्ना सदस्यहरुको आम्दानी वृद्धि र जीवनस्तरमा आमुल सुधार ल्याउने आर्थिक तथा सामाजिक विकासका उद्देश्यहरु बोकेका हुन्छन् । सहकारीले आफ्ना सदस्यहरुका आवश्यकता र चाहना बमोजिम स-सानो तथा धितो बिनाको ऋणको व्यवस्था, उचित ब्याजदर र सेवा शुल्क, नगद प्रवाह बमोजिम ऋण तिर्ने व्यवस्था गरे नगरेको हेर्न सकिन्छ । बचतमा पहुँच, सुरक्षण, आकर्षक प्रतिफल र तरलताजस्ता कुरा महत्वपूर्ण हुन्छन् । सदस्यको बचत गर्न सक्ने क्षमताका आधारमा न्यूनतम बचत रकम तय गरिनुपर्दछ । सदस्यहरुलाई चाहिएको अवस्थामा बचत निकाल्न पाउने प्रावधान भएको हुनुपर्दछ ।

सेवा तथा उत्पादनका विषयमा सदस्यहरुको सन्तुष्टि थाहा पाउने प्रमुख उपाय सदस्यहरुबीच सर्भेक्षण गर्नु नै हो । यद्यपि यो प्रक्रिया महङ्गो हुन सक्दछ । सदस्यहरुले बचत नियमित गर्नु, सदस्यहरु टिकिरहनु, ऋण दोहोराएर लिनु, बढदो बचतका प्रकारहरु पनि मापनका असल सूचक हुन सक्दछन् । ऋणका किसिमले सदस्यको तिर्न सक्ने क्षमता निर्धारण गर्न सक्दछ । राम्रोसंग तयार नगरिएको ऋणले सदस्यको नगद प्रवाहमा प्रभाव पार्दछ र तिर्ने कुरामा अप्ठयारो पर्न सक्दछ, जसबाट असुली दर प्रभावित हुन्छ । यसैगरी लक्षित समूह सबैमा बचत, ऋण तथा अन्य वित्तीय सेवाहरुको पहुँच पुऱ्याउनु महत्वपूर्ण हुन्छ ।

सहकारी संस्थाको कार्यक्षमता गुणस्तरीयता कायम राखी कम लगानीमा बढी प्रतिफल हाँसिल गर्ने कुशलता हो । कार्यक्षमता अन्तर्गत सञ्चालन कार्यक्षमता (Operational Efficiency) र प्रशासकीय कार्यक्षमता (Administrative Efficiency) पर्दछन् । सञ्चालन कार्यक्षमता भन्नाले एक इकाई ऋण लगानीका लागि लाग्ने सम्पूर्ण खर्च हो भने प्रशासकीय कार्यक्षमतामा पूंजीको लागत हिसाब गरिएको हुँदैन । प्रशासकीय कार्यक्षमताबाट यस्तै खाले वित्तीय सेवा पुऱ्याउने संस्थाहरुसंग तुलना गर्न मद्दत पुग्दछ । कार्यक्षमता प्रशासकीय खर्च कम गर्ने दक्षता समेत हो । यस अन्तर्गत कर्मचारी तथा सेवाग्राहीको अनुपात, लगानीबाट प्राप्त आम्दानी र औसत ऋण लगानी अनुपात, पूँजीको लागत आदि लेखाजोखा गर्न सकिन्छ ।

सहकारी संस्थाको दिगोपना लक्षित सदस्यहरुलाई दीर्घकालीन रुपमा सेवा प्रदान गरिराख्ने क्षमता हो । दिगोपनाले सदस्यहरुको सन्तुष्टि, कार्यक्षमता, गुणस्तरीय सेवा र प्रभावकारी जोखिम व्यवस्थापनको समष्टिलाई जनाउँछ । सदस्यहरुको सन्तुष्टि भएको खण्डमा सदस्यता विस्तार तथा पूँजी वृद्धिमा मद्दत पुग्दछ । दिगोपनालाई वित्तीय दिगोपना अन्तर्गत सञ्चालन स्वनिर्भरता (Operational self-sufficiency), वित्तीय स्वनिर्भरता (Financial Self-sufficiency), र पूर्ण वित्तीय स्वनिर्भरता (Total Financial self-sufficiency) चरणहरु पर्दछन । सहकारी संस्थाले आफ्नो आम्दानीबाट कर्मचारी पारिश्रमिक तथा अन्य प्रशासकीय खर्च धान्न सक्ने अवस्थालाई सञ्चालन स्वनिर्भरता भनिन्छ । यसै गरी सहकारी संस्थाले आफ्नो आम्दानीबाट सञ्चालन खर्च, पूँजीको लागत र खराब ऋणको लागि व्यवस्था गर्न सक्षम भएको खण्डमा वित्तीय स्वनिर्भरता कायम गर्न सक्दछ । वित्तीयरुपमा स्वनिर्भरता कायम गर्नुका साथै मुद्रास्फीति र व्यापारिक ऋण लगानी दरसँगको ब्याजको भिन्नता समेतलाई गणना गरी स्वनिर्भर भएमा पूर्ण वित्तीय स्वनिर्भरता भएको हुन्छ ।

यसका साथै संस्थागत दिगोपना अन्तर्गत संस्थाले पूर्ण वित्तीय दिगोपना कायम गरी संस्थाको वृद्धि र परिवर्तन अनुकुल समायोजन गर्दै अघि बढ्ने क्षमता बुझिन्छ । कुनै पनि संस्थाको संस्थागत दिगोपना मापन गर्न पूर्ण वित्तीय दिगोपना कायम गर्नुका अतिरिक्त असल नेतृत्व, असल रणनीति, समयानुकुल नीति, संरचना, प्रणाली, प्रक्रिया, दक्ष तथा उत्प्रेरित कर्मचारी र कुशल व्यवस्थापन भए नभएको गुणात्मकरुपमा लेखाजोखा गर्न सकिन्छ ।

❖❖❖

ग्रामिण क्षेत्रमा सहकारिताको प्रवर्द्धन, महत्व र चुनौती

✍ सुन्दर बाबु बानियाँ
कार्यक्रम संयोजक, समुन्नति कार्यक्रम, सहमति

नेपालको कूल भू-भागको ८० प्रतिशत ग्रामीण क्षेत्रले ओगटेको छ । देशको अर्थतन्त्रलाई दिगो रुपले धान्न यहि ग्रामीण क्षेत्रको कृषिको अहम योगदान रहेको छ । राज्यपक्ष वा सरकारले ग्रामीण क्षेत्रको समग्र विकासका लागि गर्ने व्यवहार भने विगत शताब्दीयौदेखि विभेदकारी अवस्थामा नै छ । राज्यमा भएका ठूला ठूला राजनैतिक परिवर्तनका बाबजुद पनि सहकारी अर्थतन्त्रको विकासलाई खासै महत्व दिइएन । खासगरी १०४ बर्षे राणाशासन, २००७ देखि २०१५ सालसम्मको अन्तरिम शासन र २०१७ सालदेखि २०४६ सालसम्मको निर्दलीय पञ्चायती शासनकालमा जनताद्वारा बनाइने संगठनहरु प्रतिबन्धित नै रहे । जुन अवस्थामा सहकारीको विकासलाई ठूलो धक्का लाग्यो । २०१५ मा गठित पहिलो जननिर्वाचित वि.पि.कोइरालाको सरकारले भने नेपालमा इजरायलद्वारा अवलम्बन गरिएको सहकारीद्वारा गरिने अर्थतन्त्रको विकासको ढाँचालाई ठूलो महत्व दिएको थियो । त्यो महत्व केवल तत्कालीन सरकारको ईच्छामा मात्र सीमित रह्यो । त्यसै समयमा विश्वका औद्योगिक राष्ट्रहरुले पनि सहकारीता मार्फत नै उन्नति गरिरहेका उदाहरण प्रशस्त थिए ।

नेपालको के शहर, के ग्रामीण क्षेत्र २०४६ सालअघि विभिन्न वहानामा सहकारीताको विकासलाई ठूलो अवरोध पुग्यो । २०४६ सालको जनआन्दोलनपछि वा बहुदलीय व्यवस्थाको पुर्नवहाली भएपछिको पहिलो निर्वाचित सरकारले सहकारी ऐन २०४८ र सहकारी नियमावली २०४९ जारी गरे पश्चात् नेपालमा र त्यो पनि ग्रामीण क्षेत्रसम्म सहकारी स्थापना हुने र संस्थागत विकास सहित अघि बढ्ने सहज बाटो सृजना भयो । सहकारी ऐन र नियमावलीले विशेष गरी दुई खालका/प्रकारका सहकारी खोल्न पाउने स्पष्ट व्यवस्था गऱ्यो । जसमा बहुउद्देश्यीय सहकारी जहाँ एक भन्दा बढी व्यवसाय पनि गर्न पाउने उद्देश्य अन्तरनिहित थियो । अर्को एकल उद्देश्यीय वा विषयगत सहकारी जसमा एक मात्र व्यवसाय गर्न पाउने व्यवस्था थियो । राज्यमा सहकारी संस्थाहरु खुल्ने सहज संरचनागत व्यवस्थाका कारण संख्यात्मक रुपमा ठूलो उपलब्धि भएको भन्न सकिने अवस्था अहिले (२०६९ सम्म) छ । तर शहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रमा त्यस्ता सहकारीको उपस्थिति अझै न्यून नै छ । न्यून संख्यामा रहेका सहकारी संस्थाहरु पनि क्रमशः विघटनसम्मको चपेटामा पुगेको संख्या बढी छ । बुझिने भाषामा भन्दा ती सहकारी संस्थाहरु स्व-व्यवस्थापनमा आत्मनिर्भर बन्न सकेका छैनन् । सहकारीताको मूल्य र मान्यतालाई राम्रोसँग बुझ्ने गरिएको छैन । सहकारी शिक्षाको अझै कमि/अभाव त्यस्ता क्षेत्रमा महशुस गरिएको छ ।

शहरी क्षेत्रमा खुल्ने सहकारी संस्थाहरुमा खासगरी बचत तथा ऋण सहकारी संस्थालाई हेर्ने हो भने सहकारी सिद्धान्त, मर्म, मूल्य र मान्यताभित्र पाउन कठिन छ । त्यहाँ सेवा भन्दा नाफालाई नै केन्द्रमा राखेर सीमित व्यक्तिको नियन्त्रणमा रहेर सञ्चालन भएका बढी पाइन्छन् । शहरी क्षेत्रमा आय स्रोत, आयको मात्रा, व्यवसायिक अवसरको सृजना ग्रामिण क्षेत्रको तुलनामा बढी नै हुन्छ । यसै कारण पनि यहाँका सहकारी संस्थाहरुको लागि व्यवसायिक अवसर बढी नै हुन्छ । तर यही कुरा ग्रामीण क्षेत्रका सहकारीलाई हेर्ने हो भने स्व-व्यवस्थापनमा आत्मनिर्भर बन्नका लागि जुन अनुपातमा सहकारीले नाफा आर्जन गर्नुपर्ने हो त्यो हुनका लागि या लामो समय कुर्नुपरेको छ या त त्यो संस्थागत नाफा गर्ने बाटो ज्यादै कठीन रहिरहेको अवस्था छ ।

यस्तो कठीन अवस्थाका बाबजुद नेपालको ग्रामीण क्षेत्र अहिले सहकारीताको प्रवर्धन, त्यसको संस्थागत विकास, मूल्य, मान्यता र सिद्धान्तको महत्वलाई आत्मसात् गरी जुर्मुराएको स्थिति छ । यद्यपी यस कार्यमा धेरै गैरसरकारी संस्थाहरु र सहकारीकर्मीहरुको पनि योगदान ठूलो छ । ग्रामीण क्षेत्रमा भनेको आयको स्रोत सुनिश्चित नहुने आयको मात्रामा अनियमितता, सीप र भूमिकामा अस्थिरता रहने अवस्था छ । यसैले पनि यस्ता ग्रामीण क्षेत्रमा सहकारी र त्यसमा पनि बचत तथा ऋण सहकारीको महत्व बढी हुन्छ । ग्रामीण विपन्न परिवार भनेर जसले पहिचान पाएको छ । उसका लागि झन् सहकारी निम्न कारणले महत्वपूर्ण हुन सक्छ ।

- त्यो परिवारले सहकारीको मालिक हुन्छ ।
- त्यो परिवारले उसको आय जति हुन्छ, जहिले हुन्छ, सहज रुपमा बचत गर्न प्रेरित हुन्छ (नजिक भएकोले)
- सहकारीको सीमा अनुसार ऋण सर्वसुलभ रुपमा अप्ठेरो परेको बेला प्राप्त गर्दछ ।
- बचत र ऋण दुवैबाट लगानी गर्ने र उत्पादन बढाउन तत्परता देखाउँछ ।
- सामाजिक खालका सरसहयोग प्राप्त गर्दछ ।
- उसले आफ्नो स्रोत, सीप, जाँगरको उपयोगमा र मूल्यमा वृद्धि गर्न सक्छ । (अनुभवी बन्छ)
- त्यो परिवार पनि नेतृत्वको दावेदार रुपमा रहन्छ ।
- त्यो परिवार क्रमशः पारिवारीक उन्नतिको योजना बनाउन र कार्यान्वयन गर्न थाल्दछ ।

ग्रामीण क्षेत्रका सहकारी संस्थाहरु जसले आफ्ना संस्थागत विकासका खास चरण पार गरेका छन् । माथिका उपलब्धी टाढा नरहेको उदाहरण हाम्रा सामु धेरै वटा छन् । यसका साथै ग्रामीण क्षेत्रका सहकारी संस्थाहरु सञ्चालनमा धेरै वटा र ठूला चुनौतीहरु पनि नरहेका होइन । ति मुख्य मुख्य चुनौतीहरु निम्न अनुसार छन ।

- सीमित व्यक्तिमा बढी चासो रहने हुँदा सदस्यता विस्तारमा ध्यान नदिने ।
- अनुदानमुखी नियतले सहकारी गठन हुने र पलायन हुन खोज्ने प्रवृत्ति हुनु ।
- नेतृत्व परिवर्तन र नेतृत्व विकासमा ध्यान नदिने प्रवृत्ति रहनु ।
- विनियमबाहेक अन्य आवश्यक नीति, नियमावली निर्माणमा चासो नरहनु ।
- व्यवस्थापनक नियुक्ति र स्पष्ट तथा नियमित लेखा अभिलेख नरहनु वा त्यसमा कम वास्ता गर्ने प्रवृत्ति ।
- पर्याप्त पूँजी निर्माणमा सहकारी शिक्षा विस्तार गर्न चासो र क्षमतामा कमि ।
- लेखा व्यवस्थापनमा समय सापेक्ष क्षमता विकासमा चासो कम देखिने ।
- कार्यक्षेत्र विस्तारमा संकुचित मानसिकता देखिने (मूख्य नेतृत्वकर्तामा) ।

यसरी विश्लेषण गर्दा ग्रामीण क्षेत्रमा सहकारीको अवश्यकता छ तर भएका चुनौतीहरुलाई हटाउन ती क्षेत्रमा केही समय बाह्य सहजीकरण सहयोगको ठूलो र अहम योगदान रहने कुरामा दुईमत छैन । ❖❖❖

सिन्धुलीमा महिला सहकारी संस्थाहरु

✍ तिलक प्रसाद सापकोटा
कार्यक्रम संयोजक, लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिबृद्धी कार्यक्रम, सिन्धुली

जंगल र जुनारको नामले परिचित सिन्धुली जिल्ला अब महिला सहकारीको नामले पनि परिचित हुँदै गइरहेको छ । सिन्धुलीका महिला सहकारी संस्थाहरु सहकारीताको ईतिहासमै केही नविन प्रयासहरु गर्न सफल भएका छन् । **यहाँका ४ वटा महिला बचत तथा ऋण सहकारी संस्थाहरुले आफ्नो कार्यक्षेत्रका सत प्रतिशत घरधुरीलाई सहकारीमा आवद्ध बनाउन सफल भएका छन् ।** यी चारवटा सहकारीहरुलाई पच्छ्याउँदै अन्य थुप्रै सहकारीहरु पनि कार्यक्षेत्रका सत प्रतिशत घरधुरी समावेश गर्ने अभियानमा छन् । सन् २०१० मार्चदेखि सहमति र प्लान नेपालको साझेदारीमा सिन्धुली जिल्लामा लघुबित्त संस्थाहरुको संस्थागत क्षमता अभिबृद्धि कार्यक्रम संचालन भएपछि सिन्धुलीमा महिला सहकारी संस्थाहरुको विकासले गति लिएको छ । कार्यक्रमले जिल्लामा समूहमा आधारित २० वटा महिला बचत तथा ऋण सहकारी संस्थाहरुको संस्थागत विकासको क्षेत्रमा सहयोग गरिरहेको छ । २० वटा सहकारी संस्थाहरु मध्ये ७ वटा महिला सहकारी संस्थाहरु

कार्यक्रम संचालित २० गा.वि.स.का महिला सहकारी संस्थाहरुको को अवस्था

बिवरण	सेप्टेम्बर २०१०	मार्च २०१३
महिला समूह संख्या	२२७	९८८
महिला समूहमा सदस्य संख्या	३६०६	१६७५२
म्हिला सहकारी संख्या	७	२०
सहकारीहरुमा शेयर सदस्य संख्या	२२८५	१५६७७
सहकारीहरुमा शेयर पुर्जिँ रु	१०,४१,०००।	१,३४,९४,०००।
सहकारीहरुमा बचत रकम रु	९४,४१,०००।	२,६२,३०,०००।
सहकारीहरुमा ऋण लगानी रकम रु	२०,८००,२९।	४,७९,३३,०००।
सहकारीहरुमा कुल कारोबार रु	२०,८००,२९।	५,१५,८६,०००।
सहकारीहरुमा लिएको बाह्य ऋण रु	०	४३,१४,०००।
कार्यालय संचालन गर्ने सहकारी संख्या	०	२०
सहकारीहरुमा कर्मचारी संख्या	०	३८
आफ्नो जमिन भएका सहकारी संख्या	४	१४
बाह्यि ऋण परिचालन गरेका सहकारी संख्या	०	५

कार्यक्रम सुरुवात हुनु पूर्व नै महिला तथा बालबालिका कार्यालयको सहयोगमा स्थापना भई संचालनमा आएका थिए भने अन्य संस्थाहरु कार्यक्रमको सहयोगमानै स्थापना भएका हुन । कार्यक्रमले सहकारी संस्थाहरुलाई स्थापना पूर्वको तयारीका क्रममा सहजिकरण र स्थापना भए पश्चात संस्थाहरुको संस्थागत विकासका लागि आवश्यक हुने विभिन्न तालिम, गोष्ठी, अन्तरक्रिया, अध्ययन भ्रमण लगायत कार्यालय स्थापनाका लागि आवश्यक केही फर्निचर, स्टेशनरीहरु र नियमित सहजिकरण उपलव्ध गराएको छ ।

गत मार्चसम्मको तथ्याकं अनुसार २० वटा महिला सहकारी संस्थाहरुमा १५,६६६ जना शेयर सदस्यहरु भइसकेका छन् भने रु १,३४,९४,०००।– शेयर पूँजी संकलन र परिचालन भएको छ । नियमित बचत, खुत्रुके बचत, दैनिक बचत, आवधिक बचत आदि मार्फत रु २,६२,३०००।– बचत रकम संकलन भई परिचालनमा आएको छ । सहकारीमा आन्तरिकरुपमा संकलित पूँजीले सदस्यहरुको ऋण मागलाई सम्बोधन गर्न नसकेर ५ वटा महिला सहकारी संस्थाहरुले नेपाल राष्ट्र बैक ग्रामीण स्वाबलम्ब कोषबाट ऋण ल्याएर सदस्यहरुलाई लगानी गरिरहेका छन् भने अन्य सहकारी संस्थाहरु पनि नेपाल राष्ट्र बैक ग्रामीण स्वावलम्बन कोषमा ऋण मागको प्रक्रियामा रहेका छन् । २० वटा सहकारी संस्थाहरुमा रु ५,१५,८६,०००।– बराबरको पूर्जिँ परिचालित भएको छ । सिन्धुली जिल्लाको भौगोलिक, सामाजिक, शैक्षिक र आर्थिक अवस्थाका आधारमा विगत ३ वर्षको अवधिमा यति धैरै पूँजी संकलन र परिचालन हुनु सामान्य मान्न सकिदैन ।

२० वटै महिला सहकारी संस्थाहरुले कार्यालय मार्फत कर्मचारीहरुको परिचालनमा दैनिकरुपमा सदस्यहरुलाई सेवा प्रदान गरिरहेका छन् । २० वटा संस्थाहरुमा हाल ३८ जना कर्मचारीहरु कार्यरत छन् । सबै कर्मचारीहरु स्थानीय महिलाहरु नै रहेका छन् । संस्थागत विकासका लागि संस्थाको आफ्नै जमिन र भवन आवश्यक हुने कुरालाई आत्मसात् गर्दै महिला सहकारी संस्थाहरु भवन निर्माणका लागि आवश्यक पर्ने जमिन व्यवस्था गर्ने अभियानमा रहेका छन् । । हालसम्म १४ वटा महिला सहकारी संस्थाहरुले जमिन खरिद गरी सकेका छन् र भवन निर्माणका लागि गाउँ विकास समिति लगायत अन्य विभिन्न सहयोगी संघ संस्थाहरु संग सम्पर्क समन्वय गरिरहेका छन् । नयाँ पुस्तामा नयाँ जोश, जाँगर र क्षमता हुने कुरालाई स्विकार गरि महिला सहकारी संस्थाहरुले संस्थाको संचालक समिति र उप समितिहरुमा युवा महिलाहरुको सहभागितालाई जोड दिइरहेका छन् । संस्थाको शेयर सदस्य विस्तारका क्रममा पनि सकेसम्म युवा महिलाहरुलाई समाबेश गर्ने गरेका छन् । हालसम्ममा २० वटा महिला सहकारी संस्थाहरुमा १५६६६ शेयर सदस्यहरुमा ४२३७ जना युवा महिलाहरु रहेका छन् । यसरी सहकारी संस्थाहरुमा युवा महिलाहरुको सहभागिताले संस्थाहरुको विकासमा सहयोग त भइरहेको छ त्यस बाहेक युवा महिलाहरुको आर्थिक र सामाजिक सशक्तिकरणमा पनि सहयोग भइरहेको छ । पृथक र नवीन सोचका साथ आवधिक ब्यवसाय योजनालाई पच्छ्याउँदै सम्पूर्ण वित्तीय समाधान सहितको सक्षम र आत्मनिर्भर सहकारी संस्थाहरुकोरुपमा विकास हुने अभियानमा रहेका यी संस्थाहरु बिस्तारै आफ्नो कार्यक्षेत्रका सम्पूर्ण महिलाहरुको साझा चौतारीको रुपमा पनि विकास भइरहेका छन् । महिला सहकारी संस्थाहरुले आर्थिक कारोबारका अलवा गाउँ विकास समितिस्तरमा महिलाहरुको बिद्यमान सवालहरुका विषयमा बहस र पैरवी पनि गर्दै आएका छन् । आवश्यकता अनुसार अन्य सामजिक मुद्दा र अभियानमा पनि महिला सहकारी संस्थाहरुले आफ्नो उपस्थिति देखाउँदै आएका छन् । यसरी गाउँस्तरमा देखाउँदै आएको भूमिकाका आधारमा महिला सहकारी संस्थाका अध्यक्ष र प्रतिनिधिहरुलाई बिभिन्न सामाजिक संजाल, समिति र भुमिकामा सहभागी गराउन थालिएको छ ।

सिन्धुली जिल्लाका महिला सहकारी संस्थाहरुको सफलताले यो कुराको पुनह पुष्टी गर्दछ की सामाजिक क्षेत्रमा महिलाहरु पुरुष सरह अधि बढ्न सक्दछन् । महिला शसक्तिकरणका क्षेत्रमा कार्यरत सरकारी र गैर सरकारी संघ संस्थाकाहरुलागि सिन्धुलीका महिला सहकारी संस्थाहरु अध्ययन र अवलोकनका लागि उपयुक्त स्थान हुन सक्दछन् । यहाँका महिला सहकारीहरुको सिकाईलाई अन्य जिल्लाहरुमा पनि रुपान्तरण गर्न सकिएमा महिलाहरुको सशक्तिकरण प्रक्रिया सहजहुने कुरामा हामी विश्वस्त छौं । ❖❖❖

किशोरी शक्ति परियोजनाले गाउँ तरकारीमय बन्दै

✍ खिला घले
कार्यक्रम संयोजक, किशोरी शक्ति परियोजना, म्याग्दी

इच्छा शक्ति भयो भने प्रगति गर्न ज्ञान, सीप र स्रोतले छेक्दैन भन्ने उक्तिलाई चरितार्थ गरेका छन् सहकारीका महिला सदस्यहरुले । गत ५ महिनादेखि सञ्चालन भएको "किशोरी शक्ति परियोजना" अन्तर्गतका कार्य क्षेत्रमा यस्ता प्रशस्त उदाहरणहरु देख्न पाइन्छ । सहमति र प्लान नेपालको साझेदारीमा म्याग्दी जिल्लाका २०

प्लाष्टिक घरभित्रको टमाटर खेती निरीक्षण गर्दै जिल्ला कृषि विकास कार्यालय म्याग्दीका वरिष्ठ बागवानी अधिकृत वेदप्रकास पौडेल

गा.वि.स.हरुमा सञ्चालन भइरहेको यस कार्यक्रमको सहयोगबाट हाल २१५ जना कृषकहरुले व्यावसायिक रुपमा प्लाष्टिक घरभित्र बेमौसमी तरकारी उत्पादन गरिरहेका छन् । १.३ हेक्टर क्षेत्रमा बनेको २१५ वटा प्लाष्टिक टनेलमा कम्तीमा पनि २१,५०० के.जी. टमाटर उत्पादन भएको र सो उत्पादनबाट कम्तीमा ६,४५,०००/- आम्दानी गरिसकेका छन् । कार्यक्रमबाट प्राविधिक ज्ञान, सीप र प्लाष्टिक घर निर्माण गर्न प्लाष्टिक लगायत अन्य आवश्यक सामग्रीहरु सहयोग पाएपछि त्यत्तिकै उत्साहित देखिन्छन् महिला सदस्यहरु साथै महिला सहकारीमा आबद्ध भएर बचत गर्ने क्रम पनि बढेको छ । कार्यक्रम सञ्चालन भएका बाबियाचौर, रत्नेचौर, अर्मन, दरबाङ्ग, निस्कोट, ज्यामरुककोट, पात्लेखेत, दग्नाम, दाना, बेगखोला लगायतका गा.वि.स.हरुमा भ्रमण गर्दा लाग्छ अब गाउँघर साँच्चीकै टनेल र टनेल बाहिर तरकारीमय भएको छ । गाउँघरमा उत्पादन भएका तरकारी स्थानीय बजारमा नै बिक्री भइरहेका छन् भने उत्पादनको मात्रा बृद्धि भई स्थानीय बजारमा खपत नभएको अवस्थामा बेनी बजारमा ल्याई बिक्री गर्न सजिलो होस् भन्ने हेतुले जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति, जिल्ला कृषि विकास कार्यालय, संगम म्याग्दी, बेनी उद्योग वाणिज्य संघ लगायत सरकारी तथा गैरसरकारी कार्यालयसँग समन्वय गरी बेनीमा कृषि हाटबजारलाई प्रबर्द्धन गर्न तरकारी बिक्री वितरण गर्ने घर निर्माणमा पनि कार्यक्रमले सहयोग गरेको छ । समूह तथा सहकारीका सदस्यहरुको आर्थिक अवस्था सुदृढ गर्नका लागि तरकारी मात्र नभई अन्य क्रियाकलापमा पनि सहयोग गरिरहेको छ यस "किशोरी शक्ति परियोजना" ले । पशुपालन विशेष गरी भैंसी पालनलाई प्रबर्द्धन गर्न ११ वटा उन्नत जातको राँगा सहयोग गरिएको छ भने ती राँगाहरुबाट १०५ वटा सेवा प्रदान भइसकेको छ । राँगाको पालनपोषण र स्याहार गर्नको लागि प्रति सेवा वापत रु. ५००/- देखि ६५०/- सम्म सेवा शुल्क पनि संकलन भइरहेको छ । यी त भए कृषि सम्बन्धी प्रमुख क्रियाकलापहरु । यसको अलावा गैर कृषि क्रियाकलापहरुमा पनि त्यत्तिकै सहयोग भइरहेको छ । रत्नेचौर गा.वि.स. मा सहकारीका १४ जना महिला सदस्यहरुलाई ४५ दिने "ढाका कपडा बुनाई सीपमूलक तालिम" सम्पन्न भएको छ । जिल्ला विकास समिति,

४५ दिने ढाका कपडा बुनाई सीपमूलक तालिममा सहभागी महिलाहरु, रत्नेचौर गा.वि.स. म्याग्दी

रत्नेचौर गा.वि.स., घरेलु तथा साना उद्योग विकास कार्यालय, संगम म्याग्दीसँगको संयुक्त साझेदारी र सहकार्यमा सहमतिले गैर कृषि क्रियाकलापमा सहयोग गरिरहेको छ । ❖❖❖

किशोरी शक्ति परियोजना कार्यक्रम संचालित म्याग्दी जिल्लाका २० गा.वि.स.का सहकारीहरुको अवस्था

बिबरण	कार्यक्रम शुरुवातको बर्ष (२०१२, नोभेम्बर)	जुन २०१३
महिला समुह संख्या	२४	२४६
महिला समुहमा सदस्य संख्या	५००	५,७१७
महिला सहकारी संख्या	७	२०
सहकारीहरुमा शेयर सदस्य सँख्या	७८१	२८०९
सहकारीहरुमा शेयर पुँजि रु.	१०,११,३००/००	६१,३५,०००/००
सहकारीहरुमा बचत रकम रु.	३०,१६,७३०/००	४०,२३,०००/००
सहकारीहरुमा ऋण लगानि रकम रु.	४०,३०,७००/००	१,४१,५०,०००/००
ऋण असुली दर	९८ प्रतिशत	९९ प्रतिशत
सहकारीहरुमा कुल कारोबार रु.	८०,५८,७३०/००	२,४३,०८,०००/००
सहकारीहरुमा लिएको बाह्य ऋण रु.	१६,६०,०००/००	१६,६०,०००/००
बाह्य ऋण परिचालन गरेका सहकारी सँख्या	६	६
कार्यालय संचालन गर्ने सहकारी संख्या	६	२०
सहकारीहरुमा कर्मचारी संख्या	३	२०
आफ्नो जमिन भएको सहकारी सँख्या	३	३

सहकारीमा सुशासन र स्वस्थताको निश्चितता

✍ कमल प्रसाद सापकोटा
लघुवित्त अधिकृत, लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिबृद्धी कार्यक्रम, सिन्धुली

विधिको शासन ,न्याय स्थापना, विभेद रहित असल व्यवहार, समुन्नत र सन्तुलित विकासको अवस्थालाई असल शासन अर्थात सुशासनको अवस्था मानिन्छ । समुदाय स्तरबाट सदस्यहरुको पहल र सहभागितामा संस्था र सदस्यहरुलाई सेवा पुऱ्याउने उद्देश्यले सहकारी संस्था स्थापना गरिएको हुन्छ । सहकारी ऐन, नियमावली, मापदण्ड, सहकारीको विनियम र सो अन्तर्गत रहेर बनाइएका नीति नियम अनुसार जिम्मेवारी पूर्ण ढंगले केही व्यवसायिक र केही स्वयंमसेवक सहभागितामा सहकारी संस्थाहरु संचालनमा रहेका हुन्छन । सहकारी संचालनको क्रममा सहकारीले गर्ने व्यवसायलाई हेरी दैनिक कार्यलाई चुस्त दुरुस्त बनाउन नीति तथा कार्यविधिहरु तयार गर्नु आवश्यक हुन्छ । संचालकहरु सधै संस्थामा उपस्थित भई कार्य सम्पादन गर्न असम्भव हुने भएकोले आवश्यक नीतिहरु बनाई कार्यान्वयनमा ल्याउनु पर्दछ । बचत तथा ऋण सहकारी संस्थाहरु संचालनका लागि पनि निम्न नितीहरु बचत तथा ऋण नीति, आर्थिक तथा प्रशासनिक नीति, वित्तिय व्यवस्थापन निति, मानव संसाधन व्यवस्थापन नीति, सदस्यता नीति, रणनैतिक तथा व्यवसायिक योजना जस्ता लिखित दस्तावेजहरुको निर्माण र कार्यान्वयनको आवश्यकता पर्दछ ।

बचत तथा ऋण सहकारी संस्थाले बचत संकलन गर्ने , ऋण लगानी, थोक कर्जा लिने, सदस्यहरुको उत्पादनको बजारीकरणमा सूचना प्रवाह गर्ने, नेपाल राष्ट्र बैंकबाट स्वीकृती लिइ सिमित बैकिङ कारोवार गर्ने कार्यहरु गर्न सक्छन ।

बचत तथा ऋण सहकारी संस्थाहरुले गर्ने महत्वपूर्ण व्यवसाय पैसाको कारोवार हो । सदस्य तथा बाह्य संस्थाहरुवाट पूँजी संकलन गरि आफ्नो सदस्यहरुलाइ आयमूलक काममा ऋण प्रवाह गर्ने गर्दछ । पैसा अर्थात वित्तको कारोवार गर्ने हुँदा संस्थाले गरेको कारोवार सन्तुलित अवस्थामा छ कि छैन भनि समय समयमा यसको मापन तथा अनुगमन गर्नुपर्दछ । यसको मापन तथा अनुगमन गर्ने विधिलाइ PEARLS अनुगमन प्रणाली भनिन्छ । सन १९८० मा Woccu ग्वाटेमालामा डेभ रिचर्डसनले यो सिद्धान्त प्रतिपादन गरेका हुन । विश्व ऋण परिषदले यो सिद्धान्तलाई सन १९९० देखि प्रयोगमा ल्याएको हो । यो बचत तथा ऋणको कारोवारमा संलग्न सहकारी, संघ संस्थाहरुको आन्तरिक क्षमता जाँच्ने आधार हो । यसमा लक्ष्य किटान गरिएको हुन्छ । बचत तथा ऋण सहकारी संस्थाहरुका लागि पर्ल्स अति महत्वपूर्ण व्यवस्थापकीय औजारको रुपमा रहेको छ । यसलाइ सबै सहकारी संघ संस्थाहरुले अवलम्बन गर्नु पर्दछ ।

P = Protection ले ऋण लगानीको सुरक्षणको अवस्थावारे जानकारी दिन्छ ।
E = Effective Financial Structure प्रभावकारी वित्तीय संरचनाको चित्रण गर्दछ ।
A = Asset Quality सम्पतिको गुणस्तरको अवस्था चित्रण गर्दछ ।
R = Rate of return & cost प्रतिफल र लागतको अवस्था चित्रण गर्दछ ।
L = Liquidity तरलताको अवस्था ।
S = Sign of Growth बृद्धिको संकेत ।

क्षेत्र	सूत्र	लक्ष्य
p1:	१ वर्ष भन्दा बढीले भाखा नाघेको कर्जाको लागि व्यवस्था	१०० %
p2:	१२ महिनासम्म भाखा नाघेको कर्जाको लागि व्यवस्था	३५ %
E1:	कूल सम्पतिमा खुद उठाउन बाँकी कर्जा	७०-८० %
E2:	कूल सम्पतिमा तरल लगानी	अधिकतम २० %
E5:	कूल सम्पतिमा निक्षेप मौज्दात	७०- ८० %
E7:	कूल सम्पतिमा शेयर पुजी	१० -२० %
E8:	कूल सम्पतिमा सँस्थागत पुजी	न्युनतम १० %
A1:	कूल उठाउन बाँकी कर्जामा कुल भाखा नाघेको कर्जा	५ % भन्दा कम
A2:	कूल सम्पत्तिमा आम्दानी नदिने सम्पति	५ % भन्दा कम
R1:	औषत उठाउन बाँकी ऋणमा व्याज आम्दानी	व्याज दर बरावर
R2:	औषत तरल लगानिमा प्राप्त प्रतिफल आम्दानी	बजारदर बरावर
R5:	औषत निक्षेप मौज्दातमा व्याज खर्च	मुद्रा स्फिति भन्दा वढी
R6:	औषत सापटी लिएकोमा व्याज खर्च	बजारदर बरावर
R7:	औषत शेयर पुजीमा लाभान्स खर्च	बजारदर बरावर
R9:	औषत सम्पतिमा कुल संचालन खर्च	५ % भन्दा कम
L1:	निक्षेप मौज्दातमा छोटो अवधिको लगानी+तरल सम्पति-छोटो अवधिमा भुक्तानी दिनुपर्ने रकम	न्यूनतम १५ %
L2:	निक्षेप मौज्दातमा तरल सम्पति	१० %
L3:	कूल सम्पतिमा आम्दानी नगर्ने तरल सम्पति	१ % भन्दा कम
S10:	सदस्यता वृद्धि	१२ % भन्दा बढी
S11:	सम्पतिमा वृद्धि	मुद्रा स्फिति भन्दाबढी

❖❖❖

बचत तथा ऋण सहकारी संघ, सिन्धुली पहिले र अहिले

✍ पार्वतीदेवी भण्डारी, अध्यक्ष
जिल्ला बचत तथा ऋण सहकारी संघ, सिन्धुली

डेढ दशक अघि स्थापना भएको जिल्ला बचत तथा ऋण सहकारी संघ, सिन्धुली स्थापना पश्चात लामो समय निष्क्रिय रहन पुग्यो । ५ वटा प्रारम्भिक संस्थाहरुबाट स्थापना गरिएको यस संघ १३ बर्ष पछि वि.स. २०६७ पुष ४ गतेको जिल्लामा क्रियासिल महिला बचत तथा ऋण सहकारी संस्थाहरुको सक्रियतामा सम्पन्न भएको साधारणसभाले यसको नया संचालक समितको चयन गर्‍यो । नव निवार्चित समितिमा अध्यक्ष सहित शतप्रतिशत पदाधिकारीहरु महिलाहरुबाट चयन भयो । संघको संचालक समितिमा महिला नेतृत्व स्थापना भएपछि महिला सहकारीकर्मीहरुमा नयाँ जोस जागर र उत्साह थपियो । संचालक समितिका पदाधिकरीहरु अधिकांश ग्रामीण महिलाहरु भएका र सहकारी व्यवस्थापनमा पनि धेरै अनुभव नभएको हुनाले केही समय संघलाई कसरी व्यवस्थापन गर्ने भन्ने बिषयमा अन्योल नै थियो । बिस्तारै महिलाहरु सक्रिय हुँदै गए । सहयोगी संस्था सहमति र प्लान नेपालबाट संस्थागत विकासका लागि विभिन्न क्रियाकलापहरु र कार्यालय स्थापना र संचालनका लागि सहयोग प्राप्त भयो जसका कारण हामी महिलाहरुलाई अघि बढ्न सहज भयो ।

संघको संचालक समितिको पुन: चयन पश्चात एक पटक बार्षिक साधारणसभा र एक पटक विशेष साधारणसभा सम्पन्न भई सकेको छ । सिन्धुली जिल्लाको सदरमुकाम सिन्धुलीमाढी स्थित कार्यालयबाट संघले यसका प्रारम्भिक सदस्य संस्थाहरुलाई नियमित सेवा प्रदान गरिरहेको छ । हालसम्ममा जिल्लाका ३९ वटा बचत तथा ऋण सहकारी संस्थाहरु संघमा आवद्ध भइसकेका छन् । संघले आन्तरिक आयआर्जका लागि सदस्य संस्थाहरुलाई आवश्यक पर्ने स्टेशनरी सामाग्रीहरु बिक्री गर्दै आइरहेको छ । सदस्य संस्थाहरुबाट बचत संकलन गरी आन्तरिक लगानी गर्न पनि सुरु गरिसकेको छ । हाल संघमा एकजना महिला कर्मचारी कार्यरत हुनुहुन्छ । डिभिजन सहकारी कार्यालय धनुषाका अनुसार हाल जिल्लामा दर्ता भई १३२ वटा बचत तथा ऋण सहकारी संस्थाहरु कार्यरत छन् । जिल्लाको तथ्याकं अनुसार संघमा ३० प्रतिशत संस्थाहरु मात्र आवद्ध भएका छन् । जिल्लामा प्रशस्त सम्भावना हुँदा हुँदै पनि जिल्ला बचत तथा ऋण सहकारी संघको विकास र भुमिका सन्तोषजनक भने होइन । त्यसकारण संघलाई बर्तमान अवस्थाबाट माथि उठाउनका लागि हालसालै ५ बर्षे रणनैतिक तथा ब्यवसाय योजना तयार गरि कार्यन्वयनमा ल्याइएको छ । जिल्लामा बचत तथा ऋण सहकारी संस्थाहरुको ब्यवस्थापनका क्षेत्रमा काम गर्ने स्थानीय स्रोत व्यक्तिहरुको अभावलाई मध्येनजर गरी सहमति र प्लानको सहयोगमा संघमा आवद्ध सदस्य संस्थाहरुका प्रतिनिधिहरु मध्ये ४० जनालाई स्थानीय स्रोत व्यक्ति विकास गर्ने उद्देश्यले बचत तथा ऋण सहकारी संस्था व्यवस्थापनका क्षेत्रका ७ दिने प्रशिक्षक प्रशिक्षण तालिम उपलब्ध गराइएको छ । तालिम पश्चात स्थानीय स्रोत व्यक्तिहरु जिल्लाका विभिन्न गा.वि.स.हरुमा बचत तथा ऋण सहकारी व्यवस्थापन तालिमहरुमा सह प्रशिक्षकका रुपमा काम गरिरहनु भएको छ ।

आगामी दिनमा संघले जिल्लामा क्रियासिल सम्पूर्ण बचत तथा ऋण सहकारी संस्थाहरुलाई संघमा आवद्ध गराई राष्ट्रिय स्तरमानै उत्कृष्ट बचत तथा ऋण सहकारी संघको रुपमा स्थापित हुने रणनितिका साथ संघ अघि बढिरहेको छ । ❖❖❖

सहकारीमा गाउँका सबै युवा महिला आवद्ध

✍ बिमला कार्की
लघुबित्त सुपरभाईजर, लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिबृद्धी कार्यक्रम, सिन्धुली

सिन्धुली जिल्लाको पूर्वी भागमा अवस्थित हत्पते गा.वि.स. कमलामाई नदिको छटामा चुरे पहाडको छहारीमा लुकामारी गरेको रमणीय ठाउँ हो । भौगोलिक हिसाबले भन्ने हो भने समतल फाँटहरु, खेती योग्य जमिन रहेको पाइन्छ । जातिगत हिसाबमा दनुवार समुदायको बाहुल्यता सँगै क्षेत्री, बाहुन, मगर, तमाङ्ग समेतको बसोवास रहेको पाइन्छ ।

यी सवै प्राकृतिक सुन्दरता बहुजातीय समाजमा मानिसहरुको सौहार्दपूर्ण वातावरण रहँदा रहँदै पनि लगभग ३-६ महिना, वर्षात संगसगै रिसाएकी कमलामाई नदिको कारण यातायात सेवा बन्द हुने कारणले बिरामी परेको बेला उपचार गर्न नपाएर विरामीहरुले अकालमा मृत्युको मुखमा धकेलिन बाध्य रहेको पनि यहाँको बर्बर समस्या हो ।

यी सवै विशेषता र समस्याको बीच फक्रिएको श्री सगरमाथा महिला बचत तथा ऋण सहकारी संस्था लि.को आर्थिक कारोबार, यहाँका सदस्य, संचालक समिति र उपसमितका सदस्यहरुको सक्रियता र संस्थाले लिएका रणनितिहरुलाई हेर्दा कुनै सुविधा सम्पन्न ठाउँमा संचालित संस्था हो कि जस्तो लग्दछ ।

मिति २०६४ चैत १२ गते विधिवत रुपमा महिला तथा बालबालिका कार्यालयको सहयोगमा दर्ता भएको र विस्तारै समूह मार्फत बचत गर्दै अगाडी बढने क्रममा मिति २०६६ चैतमा प्लान नेपाल संगको साझेदारीमा सहमति संस्थाले यस गाविसमा काम गर्न थाले पछि यस संस्थाको बिकासले गति लियो । सहमतिबाट प्रदान गरिएका सहकारी संस्था व्यवस्थापन सम्वन्धी विभिन्न तालिमहरु र महिलाहरुले नै संचालन गरेको सहकारीहरुका अध्ययन अवलोकन भ्रमण, सहकारीका संचालकहरुमा सहकारी सम्वन्धी ज्ञान सँगसँगै उर्जा प्रदान भयो र विस्तारै सहकारी मार्फत समुहहरु गठन गर्न, बचतको विभिन्न प्रकारहरु सुरु गरी सदस्यहरुको ईच्छा अनुसार बचत गर्ने अवसर र यही बीचमा सदस्यहरुको अत्यधिक माग र सदस्यहरुलाई व्यवसायिक बनाई आर्थिक पँहुच पुर्‍याउने उद्देश्यले नेपाल राष्ट्र बैकबाट समेत ऋण लिइ सदस्यहरुलाई लगानी गरेको र हाल सहकारी मार्फत नौवटै वडामा ऋण प्रदान गरिएको छ । हाल सहकारीबाट ऋण लिएर ७३ जनाले आफ्नै व्यवसाय संचालन गरिरहेका छन् । गा.वि.स.मा सानो तिनो व्यवसाय गर्नेहरुको संख्या तुलनात्मक रुपमा बढेको बताउनु हुन्छ संस्थाकी अध्यक्ष गिता सापकोटा र संस्थाको हालको अवस्थामा बचतमा ३६ लाख, सदस्यहरु १४६० पुगेको सहकारीले यो छोटो अवधीमानै रु ७५ लाखको कारोवार गर्न सफल भएको छ ।

हालसम्ममा सहकारीले गा.वि.स.का ८६ प्रतिशत युवा महिलाहरुलाई आवद्ध गरिसकेको छ । किशोरीरुको समावेशले सहकारी गतिविधि तथा काम प्रति पनि तिव्र विकास हुने, सम्पर्क समन्वय देखि संस्थाको संचालनको लागि पनि एकदमै सहज हुने हुँदा गा.वि.स.का सबै युवा महिलाहरुलाई समेट्नको लागि हरदम लागि रहेका छौ भन्नुहुन्छ संस्थाकी अध्यक्ष गिता सापकोटा । ❖❖❖

लताको व्यथा अरूका लागि बन्न सक्छ सफलताको कथा

प्रजिता कुमारी बुढाथोकी (प्रमिला)
लघुवित्त सुपरभाईजर, लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धी कार्यक्रम, सिन्धुली

"सानोमा माटो र पानी खाएर आफु अघाए पनि आज आफ्ना बाल बच्चालाइ दुइ छाक राम्रैसँग खुवाउन सकेकी छु " यो हृदय स्पर्शी भावना सिन्धुली जिल्ला भिमस्थान गाविस बडा नं. ५ की लता स्याङतानको हो । जीवनको तिता मीठा पलहरुलाइ सम्झने क्रममा निकैनै तितो लागेको पल सम्झिदै लताले हामीसंग दु:ख साटासाट गर्न खोजिन ।

सानो शरिर मध्यम उचाइ उज्यालो अनुहारकी देखिने लतालाई हेर्दा लाग्दैन उनले बाल्यकाल माटो र पानी खाएर कति दिन बिताईन । खुसीका पलहरु सुनाउन जति हतारिन्छ मान्छे लतामा आफ्ना दु:खका पल सुनाउने हतार उतिकै देख्न सकिन्थ्यो कारण उसको जिवनमा दु:ख पछि आएको थोरै सुख हुन सक्छ । भनिन्छ सानो विरुवाको मलजल गरे राम्रो फल पाउन सकिन्छ तर लताको जीवनसँग यसलाई जोड्ने र अहिले तुलना गर्ने हो भने लताको जीवन ओइलिएको विरुवाझै हुन सक्थ्यो तर लताको मेहनत र लगनशिलताले यसलाई असम्भव बनाइदियो । २०३८ सालमा भारतको आसाममा जन्मिएकी लता क्रिस्सीयन धर्म मान्छिन । भारतको आसाममा बुवा आमा सहित आफु र बहिनी दुख सुख गरी बस्दै आएपनि आफु ४ वर्षको दुधे बालक हुँदा आमाले छाडेर हाम्रो गामबस्तीको भाषामा भन्ने हो भने पोइल गएको लताको भनाइ छ । आमाको विछोड र अभावमा विति रहेको जीवनमा फेरि आफु १० वर्षको हुँदा साहाराको रुपमा भएका बाबुलाई आफन्तहरु मिलेर हत्या गरेपछि आफुहरु झन टुहुरो बनेको भन्दै लताले जीवनको तितो पल हामीलाई सुनाइन ।

अर्काको मुलुक त्यसमाथि पनि बुबा आमा नभएको टुहुरा हाम्रो अवस्था के भयो होला लताले आँखा रसाउँदै आफ्नो पिडा पोख्न थालिन "आफन्तहरु दुश्मन बनिहाले परदेशको ठाउँमा आफ्नो भन्ने कोनै हुन्थे र भोक लाग्थ्यो भोक मेटाउन कति दिन त माटो र पानी पनि खानुपर्‍यो , कहिलेकाहीँ बाटोमा हिंड्दा, मन्दिरमा, कसैको घरमा विवाह, पुजा हुँदा भोजमा खान पाउँदा सबै भन्दा खुसी हुन्थ्यौ हामी दिदी–वहिनी !" लताको कुरा रोकिएन उनि थप्दै गइन "सधै भोकै बस्न नसकिने सधै अरुले त्यसै नदिने बहिनीको लागि पनि केही काम गर्नुपर्ने भएकाले भारी बोक्ने, दिशा पिसाव सोर्ने काम दैनिक गर्न थाले ।

त्यति गर्दा पनि घरबेटिले आफुहरुलाई खाना दिदा थालको तल नुन राखी माथिबाट भात छरि दिने र धेरै जसो काँचो खुर्सानीसँग खाना खानुपर्ने अवस्थाले झन पिडा दिन लाग्यो "। जति पिडा भएपनि पेटले पिडा नसहने भएकाले बाटोमा हिड्दा कसैको घरमा बाँकी वासी पोको बनाएर सडकमा फालेको भात पनि खाएर बाल्यकाल बितेको लताले सुनाइन । दिनहरु बित्दै थिए १३ वर्ष हुँदा आफुभन्दा २० वर्ष जेठो आशा बहादुर स्याङतानसंग विवाह भयो उनले भनिन् । सानै उमेरमा त्यस माथि २० वर्ष जेठा श्रीमानसंग विवाह भएपछि जीवन खासै कठिन भएन । विवाह पछि नेपाल आएर सिन्धुलीको भिमस्थान गाविसमा २०६६ सालदेखि बसोवास गर्न लागेको लताले सुनाइन । अहिले श्रीमान सहित २ छोरी र १ छोरा गरि ५ जनाको परिवार छ लताको । श्रीमान नेपालकै भएकाले नेपाल आई गाउँले जीवन बिताइरहेकी लताको भविश्य

त्यतिबेला कता जाने हो पत्तो थिएन उनि भन्छिन, अन्योल भविष्य भइरहेको बेला गाउँमा सहकारी रहेछ सबै दिदी वहिनी भेला भइ छलफल गरेको देखेर आफ्ना बाल बच्चाको भविष्य आफ्नो जस्तो कष्टपूर्ण नहोस भन्ने उद्देश्यले २०६७ चैत १ गते सहकारीमा आवद्ध भए । श्रीमानको केहि कमाई थिएन दिनरात गरेर पनि खान पुग्ने अवस्था नभएको बेला मासिक ३० रुपैया बचत गर्थे । बचत गर्दै गए पछि सहकारीले व्यवसाय गर्न चाहनेलाइ सस्तो ब्याजदरमा ऋण दिन्छ भन्ने थाहा पाएपछि संस्थाबाट ऋण लिइ सानो किराना पसल सुरु गरे । भारतमा हुँदा केहि महिना सिलाई बुनाई तालिम लिएको कारण पसलमै लुगा सिलाउने काम पनि गरे । गाउँमा प्रौढ शिक्षा संचालन भयो घरको पसलको काम मिलाएर प्रौढ शिक्षा पनि पढे जसले गर्दा अझै ममा निखारता आएको महसुस भयो लताको अनुहारमा केही उज्यालोपन छायो सायद उनको जीवनमा त्यति बेला देखि उज्यालोपन छाएको महसुस भयो होला उनिलाई । सहकारीमा आवद्ध भएकाले त्यसबाट विभिन्न समुह व्यवस्थापन, व्यवसाय सिप विकास तालिम लिई व्यवसाय गर्ने तरिकावारे जानकारी लिएकाले झन सहज भएको लता बताउँछिन । उनको सवैसँग मिल्ने ब्यवहार, नियमित रुपमा बचत र ऋणको भुक्तानी गर्ने बानीले गर्दा सहकारीमा पनि इमान्दार सदस्यको रुपमा परिचित भएको उनि आवद्ध संस्था श्री अन्नपूर्ण महिला बचत तथा ऋण सहकारी संस्थाकी अध्यक्ष चिन्तादेवि दाहाल बताउनुहुन्छ । लताले आफ्नो बाल्यकालको भोगाइलाइ सम्झिएर आफ्ना बाल बच्चामा त्यस्तो परिस्थिति आउन नदिने बातावरण बन्नुमा आफ्नो लगनशिलता, मिहेनत र सहकारीले दिएको उपलव्धिलाइ ठान्दछिन । बाल्यकाल ज्यादै दुखि बनेपनि अहिले आफ्नो मेहनत र सहकारीबाट भएको सहयोगले साथै इमान्दारीपूर्ण कमाइले भिमस्थानमा १० कठ्ठा जमिन किन्न सफल भएकोमा गर्व गर्छिन लता अहिले विहान घरव्यवहारको काम गरि दिउँसो नजिकैको बोर्डिङ स्कुल अगाडी विस्कुट, चाउचाउ, चटपटे बेचि दैनिक १००० भन्दा बढी आम्दानी गर्न सफल भएकी छु । अहिले मासिक ५०, दैनिक १००–४०० सम्म राख्ने गरेकी छु । छोरा छोरी तिनै जनाको नाममा खुत्रुके बचत गरिदिएकी छु भविष्यमा राम्रो शिक्षाका लागि काम लाग्छ कि भनेर लता मुस्कुराउँदै भन्छिन । अब त यति मात्र ईच्छा छ जुन सहकारीले मलाइ यो अवस्थामा ल्यायो त्यस सहकारीको उत्कृष्ट शेयर सदस्य बनि नाम राख्ने हँसिलो मुद्रामा लताले सुनाइन । दुखका कुरादेखि लिएर खुसिका यहि पलहरुलाइ सुनाइसक्दा लतामा एक प्रकारको साहस उत्पन्न भएको हामीले पायौ । उनि भन्दै थिइन यो संसारमा सबै मानिस सुखी हुदैनन्, तर सधै दुखी पनि रहदैनन्, बुढा पाकाले ठिकै भनेका रहेछन् दुखमा नआत्तिनु, सुखमा नमात्तिनु खै म दुखमा पनि आत्तिन अहिले केहि सुखी छु मात्तिएकी छु त ? ठट्टेउलो गर्दै लताले भनिन् । उनको यीनै तिता मीठा कुराहरु सुन्दा दुखमा सवैले सुखको अनुभुति गरि मेहनत र परिश्रम गर्न सके सुख अवश्य आउछ भन्ने कुरालाइ नकार्न सकिन्न । ❖❖❖

तथ्याङ्कमा सहमति

क्र. सं	कार्यक्रमको नाम	साझेदार संस्था	कार्यक्षेत्र		लाभान्वित घरधुरी	लाभान्वित संख्या						कर्मचारी	
						जातियताको आधारमा				लिङ्ग र बर्षको आधारमा			
			कार्यरत जिल्ला	कार्यक्रमले समेटेको गाविस		दलित	जनजाति	अन्य	जम्मा	महिला	युवा	महिला	पुरुष
क. साझेदारी कार्यक्रम													
१	समुन्नति कार्यकम	अक्सफाम हङ्कङ्ग	नवलपरासी कपिलवस्तु	नवलपरासी-७ कपिलवस्तु-१	४२८०	६५०	४११५	६२०	५३८५	४८८५		५	५
२	ग्रामीण युवा विकास कार्यकम	आबु इन्टरनेशनल	नवलपरासी	पहाडि भेगका ४ गा.वि.स.	१९०६	७५०	१११५२	६७०	१२५७२	४९९८	५७८६	४	६
३	लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम	प्लान नेपाल	सिन्धुली	२० गा.वि.स.	१७१२०	१९४८	९७४३	५४२९	१७१२०	१७१२०	१११३३	७	६
४	लोकतन्त्र मजवुत बनाऔं कार्यक्रम	एक्सन एड नेपाल	नवलपरासी	४ गाबिस	४७४७	२,६३६	१७,७७१	६,११६	२६,५२३	१२,१००		११	२
५	स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम	जिविस नवलपरासी	नवलपरासी	७ गा.वि.स.	१६,३८२	९७८७	३६०३०	४६०३७	९१,८५४	४६२०८		७	१
६	रोजगार सेवा केन्द्र	जि.आइ.जेट/ एस.टि.पि.पि	नवलपरासी, चितवन,कपिलबस्तु, मकवानपुर र रुपन्देहि	कार्य क्षेत्रका सम्पूर्ण व्यवसायिक दक्ष तालिम प्राप्त माओवादी पूर्व लडाकु र वरिपरिका समुदायका युवाहरु								१	१
७	दलित तथा अपाङ्गता भएका समुदायमा केन्द्रित स्वावलम्बी समूहहरु तथा महिला सहकारीहरुको प्रवर्द्धन कार्यक्रम	प्लान नेपाल	बाग्लुङ, म्याग्दी	१८	५७३६	४२१४	१२४०	३४८१	८९३५	०	८९३५	२३	९
८	किशोरि शक्ति परियोजना	प्लान नेपाल	म्याग्दी	२०	२५३०	१२१९	२७१७	७५८	४६९४	२५३	४६९४	२६	९
ख. केन्द्रीय कार्यालय		आन्तरिक	नवलपरासी									१	८
जम्मा		–	८ जिल्ला	८१ गा.वि.स.	५२,७०१	२१,२०४	८२,७६८	६३,१११	१,६७,०८३	८५,५६४	३०,५४८	८५	४७

कार्यक्रम गतिविधि

सहमतिले आफ्ना कार्यक्रमहरुलाई २ कार्यगत विषयमा विभाजित गरेको छ ।

विषयगत क्षेत्र-१ मा सामाजिक परिचालन र सामुदायिक विकास रहेको छ, जस अन्तर्गत निम्न साझेदारी कार्यक्रमहरु रहेका छन् ।

समुन्नति कार्यक्रम नवलपरासी, कपिलवस्तु

ग्रामीण स्वावलम्बन प्रयासहरुको प्रवर्द्धन (समुन्नति) कार्यक्रम गत सन् २००५ मार्च महिनादेखि शुरु भएको अक्सफाम हङ्कङ्गसँगको साझेदारीमा सञ्चालित कार्यक्रम हो । समुदायको सशक्तिकरणद्वारा संकटासन्नता न्यूनीकरण गर्दै दीगो जीविकोपार्जनमा सहयोग पुऱ्याउने, जसले गुणस्तरीय जीवन र समुदायको सम्पन्नतालाई आफ्नो लक्ष्य बनाएको छ ।

- नवलपरासी जिल्लाका २ वटा गाविस रुचाङ्ग तथा मिथुकरममा कार्यक्षेत्र विस्तार भई कार्यक्रमको परिचयात्मक गोष्ठीमा दुवै गाविसमा गरी १३० जनाको सहभागिता । साथसाथै दुवै गाविसमा १/१ जना स्थानीय सामुदायिक सहजकर्ता नियुक्त भई परिचालित ।
- कार्यक्षेत्र अन्तर्गत ३ वटा गाविस (जौवारी, मुकुन्दपुर तथा भारतीपुर) मा स्थानीय निकाय, गाविसस्तरीय कृषि समिति, स्थानीय सहकारी र समुन्नति कार्यक्रमको सहकार्यमा कृषि प्राविधिक नियुक्त भई कृषिका क्रियाकलापहरुमा सहयोग ।
- जिल्ला पशु सेवा कार्यालय तथा समुन्नति कार्यक्रम बीचको सहकार्यमा ३ वटा गाविसहरु नरम, जौवारी र भारतीपुरका गरी ७ स्थानमा पशु स्वास्थ्य तथा खोप शिविर सम्पन्न । ३०० घरधुरीभन्दा बढी लाभान्वित र २ लाख रुपैया बराबरको खोप तथा औषधी वितरण ।
- जौवारी, भारतीपुर, नरम र अर्खला गाविसमा स्थानीय सामुदायिक सहजकर्ता मार्फत सहकारीमा सदस्यता विस्तार अभियान सञ्चालन, ३ महिनाको अवधिमा २५० सदस्य विस्तार । नयाँ २ गाविसमा ३० वटा समूह गठन सम्पन्न ।
- कृषिमा साना सिञ्चाई अन्तर्गत २ वटा योजना सम्पन्न, थप ३ वटा योजनाको सम्झौता सम्पन्न भई कार्यान्वयन चरणमा रहेको ४५० रोपनीमा सिञ्चाई सुविधा सहज रुपमा हुने ।

लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिबृद्धी कार्यक्रम, सिन्धुली

सहमति र प्लान नेपाल, सिन्धुलीद्वारा सञ्चालित लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम सन् २०१० देखि सिन्धुलीको २० गा.वि.स.मा सञ्चालन गरिएको छ । सिन्धुलीको पहाडी भेगमा रहेका ग्रामीण महिलाहरुको सामाजिक तथा आर्थिक सशक्तिकरण, पारिवारीक, सांस्कृतिक विकास गरी समग्र गुणस्तरीय जीवनमा योगदान गर्दै ग्रामीण महिला समूह, सहकारीको संस्थागत क्षमता विकास गर्ने कार्यक्रमको लक्ष्य रहेको छ ।

- १० वटा समूह व्यवस्थापन तालिम सम्पन्न भए जसमा ४२५ जना महिला तथा युवा महिलाहरुको सहभागिता ।
- ७ वटा सहकारी व्यवस्थापन तालिम सम्पन्न भएका छन् जसमा १८० जना महिला तथा युवा महिलाहरुको सहभागिता ।
- १४ वटा व्यवसाय शिप विकास तालिम सम्पन्न भएको छ जसमा ४५७ महिला र युवा महिलाहरुको सहभागिता ।
- ७ वटा महिला बचत तथा ऋण सहकारी संस्थाहरुको व्यवसाय योजना तर्जुमा गोष्ठी सम्पन्न भएका छन् जसमा १८६ जना महिला तथा युवा महिलाहरुको सहभागिता ।
- ३ चरणको सहकारी अध्ययन भ्रमण सम्पन्न भएको छ जसमा विभिन्न महिला सहकारी संस्थाका ९६ जना महिला तथा युवा महिलाहरुको सहभागिता ।
- एक चरणको युवा महिला संस्थाहरुको लागि अध्ययन भ्रमण सम्पन्न भएको थियो जसमा ४० जान युवा महिलाहरुको सहभागिता ।
- ६ चरण युवा महिला व्यवस्थापन तालिम सम्पन्न भएको छ जसमा १७३ जना युवा महिलाहरुको सहभागिता ।
- एक चरणको जिल्ला बचत तथा ऋण सहकारी संघको रणनैतिक तथा व्यवसाय योजना तर्जुमा कार्यशाला सम्पन्न भएको छ जसमा २० जना युवा महिलाहरुको सहभागिता ।
- सिन्धुलीका महिला बचत तथा ऋण सहकारी संस्थाहरुको क्षमता लेखाजोखा सम्पन्न ।
- विभिन्न गा.वि.स.हरुमा १५ चरणको किशोरी सवाल विषयक अन्तक्रिया सम्पन्न भएका छन् जसमा ८३५ जनाको सहभागिता रहेको थियो ।
- ५ वटा गा.वि.स.मा एक एक वटा युवा महिला सूचना केन्द्रको स्थापनामा सहयोग ।
- सिन्धुलीमा २ चरणको नेतृत्व विकास तालिम सम्पन्न भएको छ जसमा ४० जना युवा महिलाहरुको सहभागिता ।
- ६ वटा महिला सहकारी संस्थाहरुका लागि सेफ बक्स सहयोग ।
- २ चरणको त्रैमासिक कर्मचारी बैठक सम्पन्न ।
- एक चरणको जिल्लास्तरीय समन्वय बैठक सिन्धुलीमाडीमा सम्पन्न।
- एक चरणको बचत तथा ऋण व्यवस्थापन तालिमा सम्पन्न भएको छ जसमा २४ जना महिला तथा युवा महिलाहरुको सहभागिता ।
- १० वटा महिला सहकारी संस्थाहरुका व्यवस्थापकहरुलाई कम्प्यूटर तालिम प्रदान ।
- महिला सहकारी संस्था र युवा महिला संस्थाहरुको संस्थागत विकासका लागि नियमिति सहजिकरण, सहयोग एव परामर्श प्रदान ।

लोकतन्त्र मजबुत बनाऔं कार्यक्रम, नवलपरासी

समाजका सबै वर्गको सक्रिय र अर्थपूर्ण संलग्नतालाई सक्षम तुल्याउने, स्थानीय समुदायद्वारा अगुवाइमा गरिएको विकास मार्फत समावेशी स्थानीय लोकतन्त्रको प्रवर्द्धन गर्नु हो । एक्सन एड नेपाल तथा Danida HUGOU को संयुक्त लगानीमा यो परियोजना सञ्चालित छ ।

- सामुदायिक अंक तालिका विधिको प्रयोगबाट स्वास्थ्य, शिक्षा र कृषि सेवामा सुधारको लागि गरिएको कार्यक्रमले सरकारी सेवामा सुधार हुँदै गएको छ तथा सेवाप्रदायक र सेवाग्राही बीच सुमधुर सम्बन्धको विस्तार भएको छ । साथै सेवामा पहुँच बृद्धि हुँदै गएको छ । नि:शुल्क स्वास्थ्य सेवा, निशुल्क शिक्षा, छात्रवृत्ति, कृषिसेवाबाट पाइने प्राविधिक सेवा सुविधाको बारेमा कार्यक्षेत्रका आम नागरिकलाई जानकारी भएको छ ।
- कृषि कार्यालय कहाँ छ ? र यस कार्यालयबाट पाइने सेवाको बारेमा जानकारी नै नपाएका कुडिया र त्रिवेणीसुस्ता गाविसका आम नागरिकलाई कृषि सेवामा सुधारका लागि गरिएको सामुदायिक अंक तालिका विधिको प्रयोगबाट जानकारी प्राप्त गरी सेवाको पहुँचमा समेत बृद्धि भएको छ ।
- स्वास्थ्य सेवामा सुधारका लागि जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रम जनसरोकार मञ्च नवलसरासीद्वारा आयोजना र जिल्ला स्वास्थ्य कार्यालयको समन्वयमा सञ्चालन गरी कार्यक्षेत्रबाट स्वास्थ्य सेवामा देखिएका राम्रा र सुधार गर्नुपर्ने पक्षहरुको बीच छलफल/अन्तरक्रिया गरिएको थियो । जुन कार्यक्रममा जिल्ला स्थित सरकारी तथा गैर सरकारी निकायहरु, जिल्ला भित्रका स्वास्थ्यकर्मीहरु, पत्रकारहरु र सेवा ग्राहीहरुबीच सहजकर्ताद्वारा कार्यपत्र समेत प्रस्तुत गरी नवलपरासी जिल्लाको स्वास्थ्य सेवाको अवस्था, राम्रा पक्ष र सुधार गर्नु पर्ने पक्षहरुलाई छलफल गरी स्वास्थ्यकर्मीहरुद्वारा आगामी दिनमा सुधार गरेर अगाडि बढ्ने विश्वास समेत दिलाएका थिए ।
- कार्यक्षेत्रका ४ गाविसका गाविस सचिव, एकीकृत योजना तर्जुमा समितिका प्रतिनिधिहरु, वडा नागरिक मञ्च, LGCDP सामाजिक परिचालक, DDP सहजकर्ताहरुको सहभागितामा २ दिने लोकतान्त्रिक प्रतिनिधित्व, समावेशी र सूचनाको हक विषयक प्रशिक्षण कार्यक्रम सञ्चालन पश्चात सहभागीहरु कार्यक्षेत्रका गाविसहरुमा आगामि दिनहरुमा विभिन्न समिति, उपसमितिलाई समावेशी तथा लोकतान्त्रिक प्रतिनिधित्व सुनिश्चित गर्न/गराउन पहल गर्ने तथा गाविसस्तरमा सूचनाको हकलाई संस्थागत गर्न पहल गर्ने भएका छन् ।
- कार्यक्षेत्रका ८ वटा रिफ्लेक्ट केन्द्रहरुलाई संस्थागत गर्ने हेतुले रिफ्लेक्ट केन्द्रका सदस्यहरुलाईनै माईनुट लेख्न सिकाउने, सहजिकरण गर्न लगाउने गरी DDP परियोजना सकिए पश्चात पनि ती केन्द्रहरुलाई निरन्तरता गराउनको लागि उनीहरुलाई सहजिकरण गरिएको छ । साथै रिफ्लेक्ट केन्द्रका सदस्यहरु विभिन्न माध्यम जस्तै: तरकारी खेती, झोला बुन्ने तालिम, व्यापार आदिमार्फत आय आर्जन गर्न समेत थालेका छन् ।

ग्रामीण युवा विकास कार्यक्रम, नवलपरासी

सहमति र AWO International, Germany सँगको साझेदारीमा सञ्चालित ग्रामीण युवा विकास कार्यक्रम नवलपरासी

जिल्लाको ४ वटा गा.वि.स. मा जनवरी २००८ देखि निरन्तर रुपमा सञ्चालन भइरहेको छ । यस कार्यक्रमले ग्रामीण क्षेत्रमा रहेको युवा जनशक्तिलाई परिचालन गरी गाउँको विकासमा अग्रणी भूमिका निभाउनको लागि विभिन्न किसिमका आयमूलक कार्यक्रमहरु गर्दै आइरहेको छ । यस कार्यक्रमको मुख्य उद्देश्य नेपालमा दिनानुदिन बढ्दै गइरहेको युवा जनशक्तिलाई क्षमता अभिवृद्धि गरी स्वदेशमै रोजगारीका अवसरहरु सिर्जना गरी ग्रामीण क्षेत्रका समुदायहरुको गुणस्तरीय जीवनमा पहुँच पुगोस् भन्ने रहेको छ ।

- कामना बचत तथा ऋण सहकारी संस्था लि.ले आफ्नो कार्यक्षेत्रका (डाँडाफ्भेरी गाविस) सम्पूर्ण घरधुरी **सहकारीमा शत प्रतिशत घरधुरी आवद्धता** गर्न सफल रह्यो । यस किसिमको घोषणा पश्चिमाञ्चल विकास क्षेत्रमा दोस्रो तथा नेपाल अधिराज्यमा आठौ स्थानमा पर्न सफल ।
- स्थानीय युवाहरुको परिचालन मार्फत रतनपुर गाविसलाई **खुल्ला दिशा मुक्त क्षेत्र** घोषणा ।
- कोटथर,रतनपुर,गैंडाकोट र डाँडाफ्भेरीमा रहेका युवा सूचना केन्द्रले स्थानीय युवाहरुलाई वैदेशिक रोजगार सम्बन्धी निरन्तर सूचना प्रदान ।
- डाँडाफ्भेरी तथा रतनपुर गाविसको स्थानीय गैससहरुले एकल महिला, अपाङ्गता भएका,जेष्ठ नागरिक जस्ता सवालहरुको उठान एवं छलफल ।
- रतनपुर र दमारका १४ घरधुरीले केरा खेति व्यवसायलाई निरन्तरता दिदैं थप ३००० केराको बिरुवा रोप्ने कार्यको थालनी । त्यस्तै कोटथरका ३५ कृषक सदस्यहरुले व्यवसायिक रुपमा तरकारी खेतीको शुरुवात
- रतनपुर र कोटथर गाविसका ६ जना युवा महिलाहरुद्वारा सिलाइ तथा कटाइ व्यवसायको शुरवात । साथै गैंडाकोट गाविसका २ जना युवा महिलाले कस्मेटिक तथा ब्युटी पार्लरको संचालन ।

दलित तथा अपाङ्गता भएका समुदायमा केन्द्रित स्वावलम्बी समूहहरु तथा महिला सहकारीहरुको प्रवर्द्धन कार्यक्रम, वाग्लुङ्ग/म्याग्दी

सहमति र प्लान नेपालको साझेदारीमा बाग्लुङ्ग जिल्लाको अधिकारीचौर, देविस्थान, खुङ्गा, मल्म, काँडेवास, नरेठाँटी, हटिया, दुदिलाभाटी, पैयूपाँटा, अमलाचौर, नारायणस्थान गा.वि.स. र म्याग्दी जिल्लाको वरंजा ,सिहा, कुहुँ ,राखुपिप्ले, घतान, राखु भगवती र पुलाचौर गा.वि.स. गरी कूल १८ गा.वि.स.हरुमा दलित तथा अपाङ्गता भएका समुदायमा केन्द्रित स्वावलम्बी समूहहरु तथा महिला सहकारीहरुको प्रवर्द्धन कार्यक्रम सन् 2011 डिसेम्वरदेखि निरन्तर संचालित कार्यक्रम हो । यस कार्यक्रमको मुख्य उद्देश्य बाग्लुङ्ग र म्याग्दी जिल्लाका दलित महिला तथा अपाङ्गता भएका परिवारका महिलाहरुलाई समूह तथा सहकारीमा आवद्ध गराई वित्तीय सेवामा पहुचँमा वृद्धि गरी उनीहरुको दिगो आयश्रोतको विकासमा सहयोग गर्ने रहेको छ ।

- नरेठाटी गाविसमा १०० प्रतिशत घरधुरी स्वाबलम्बी महिला समूहहरुमा आवद्ध ।
- ३८५ स्वाबलम्बी समूहहरु गठन साथै ८९३५ महिलाहरु स्वाबलम्बी समूहमा आवद्ध र रु. २९,२७,०७३।- बचत रकम ।
- नयाँ १३ तथा पुराना ५ वटा महिला सहकारीहरुको प्रबर्द्धन र रु. ३४,८४,९१५/- बचत रकम
- करेसाबारी तालिम पश्चात ९० जना महिलाहरुले करेसाबारी व्यवस्थापन सुरु गरेका ।
- जीवन सहारा महिला बचत तथा ऋण सहकारी संस्था लि., नरेठाटीका सदस्य सीता पुनले सहकारीबाट रु. २३,०००/- ऋण लिई कुखुरा पालन सुरु गरेका ।

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, नवलपरासी

सहमति र जिविस नवलपरासीको साझेदारीमा सञ्चालित स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम २०६७ चैत्रबाट नवलपरासी जिल्लाको मुकुन्दपुर, अमरापुरी, रजहर, दिव्यपुरी, प्रगतिनगर, पिठौली र शिवमन्दिर गा.वि.स.हरुमा सञ्चालन भइरहेको छ ।

- नासकेमा सरसफाई सम्बन्धी मुद्धामा छलफल चलेपछि पिठौलीमा र दिव्यपुरीमा २५/२५ वटा चर्पी स्थापाना ।
- गाविसमा आउने विकासका बजेटहरुमा सबैले जानकारी पाउने र योजना छनौटमा विपन्न एवं पछाडी पारिएकाहरु पनि प्रत्यक्ष सहभागी भई लाभान्वित भएका छन् ।
- योजना संकलन र कार्यान्वयनको प्रक्रियामा नागरिक सचेतना केन्द्रका सहभागीहरुको उल्लेख्य चासो बढेको छ । जसले गर्दा प्रगतिनगर गाविसले अवलोकन भ्रमणका लागि भनेर आ.व. २०७०/०७१ को योजनामा २८,२००।- पास भइसकेको ।
- शान्ति, सुरक्षाको विषयमा मध्यनजर गर्दे प्रहरीद्धारा शिवमन्दिर कावासोती गाविसमा साइकल गस्ती अभियान सञ्चालन ।
- खुल्ला दिसामुक्त क्षेत्रका लागि सबैतिरबाट पहल ।

रोजगार सेवा केन्द्र
नवलपरासी, कपिलवस्तु, मकवानपुर, चितवन र रुपन्देही

बढ्दो युवा बेरोजगारी, त्यसबाट सिर्जना भएको निराशा र पलायनलाई सम्बोधन गरी स्वदेशमै रोजगारीका अवसरहरुलाई सही सदुपयोग गर्न र देशको विकासमा योगदान पुऱ्याउनका लागि नमूनाका रुपमा सहमति र जिआइजेड/एस.टि.पि.पि. को साझेदारीमा रोजगार सेवा केन्द्र स्थापना गरिएको हो । सन् २०१३ जनवरीदेखि रोजगार सेवा केन्द्रको स्थापना भएको हो ।

- चितवन, मकवानपुर र रुपन्देहीका उद्योग वाणिज्य संघहरुमा भेटघाट गरी कायर्क्रमको बारेमा जानकारी साथै त्यसमा आवद्ध वस्तुगत संघहरुको नामावली संकलन
- नेपाल सरकार रोजगार सूचना केन्द्रलाई कार्यक्रमको बारेमा जानकारी गराइ हेटौडा रोजगार सूचना केन्द्रवाट ३२०२ जनाको वेरोजागर नाम लिस्ट संकलन ।
- STPP वाट उपलव्ध तालिम प्राप्त सहभागीहरु १७ जनालाई टेलिफोन सम्पर्क भइसकेको र तिनिहरुको अवस्थाको बारेमा जानकारी
- साना तथा घरेलु कार्यालयमा उद्योग दर्ताका लागि चाहिने कागजातहरुको विवरण प्राप्त ।
- ७ जना तालिम प्राप्त व्यक्तिहरुको व्यक्तिगत विवरण तयार ।
- ६ जना व्यक्तिहरुले स्वयं कार्यालयमा आएर कार्यक्रमको बारेमा जानकारी लिनुका साथै व्यक्तिगत फारम समेत भर्ने कार्य सम्पन्न ।

किशोरी शक्ति परियोजना म्याग्दी

सहमति र प्लान नेपालको साझेदारीमा म्याग्दी जिल्लाको अर्मन, बाबियाचौर, वेगखोला, चिमखोला, दग्नाम, दाना, दर्वाङ, देवीस्थान, झिं, ज्याम्रुमकोट, कुइनेमंगले, लुलाङ, मुदी, निस्कोट,

ओखरबोट, पाखापानी, पाल्लेखेत, रत्नेचौर, रुम र ताकम गरी कूल २० गा.वि.स. मा किशोरी शक्ति परियोजना सञ्चालित छ । यस कार्यक्रमको मुख्य उद्देश्य वित्तीय स्रोत र जिवीकोपार्जनका अवसरहरु माथिको पहुँचबाट समुदायको आय आर्जनमा वृद्धि गर्नु रहेको छ ।

- करेसाबारी तालिम पश्चात ११९ जना महिलाहरुले करेसाबारी व्यवस्थापन सुरुवात ।
- २१० जना महिलाहरुले प्लाष्टिक घरमा व्यावसायिक रुपमा टमाटर उत्पादन सुरु गरी बिक्री वितरण ।
- २४ स्वाबलम्बी समूहहरु गठन साथै ४७१४ महिलाहरु स्वाबलम्बी समूहमा आवद्ध ।
- किसानहरुलाई वितरण गरिएका उन्नत जातका राँगाहरुबाट प्रजजन सेवा शुरु हुनुका साथै एउटै राँगाबाट २० पटक सम्म प्रजनन सेवा प्रदान ।

केन्द्रीय कार्यालय गतिविधि:

- संस्थाका कार्यसमिति सदस्य, सल्लहाकार समिति सदस्य, सदस्य र कर्मचारी बिचमा टिम बिल्डिङ्ग र सम्बन्धलाई मजबुत बनाउने उद्देश्यले २०६९ माघ २९ गते चितवन, शिबघाट स्थित सामुदायिक बनको परिसरमा बनभोज कार्यक्रम सम्पन्न ।
- २०६९ फागुन २ गते सहज सामुदायीक अस्पताल र फ्रेडरिच ईबर्ट स्टिफुन्टुङ्गको संयुक्त आयोजना एवं सहमति गैंडाकोटको आतिथ्यतामा **राजनितिक रुपान्तरण प्रकृया** बिषायक एक दिने अन्तर्क्रिया कार्यक्रम सम्पन्न । जस्मा गणराज्य राष्ट्र जर्मनका सांसद र नवलपरासि,चितवनका राजनितिकर्मि, नागरिक समाजका प्रतिनिधि,समाजसेविहरुको उपस्थिति थियो ।
- २०६९ माघ २६ गते GIZ अन्तर्गत नागरिक शान्ति सेवा कार्यक्रमका द्वन्द संवेदिनशिलता सल्लाहाकार ज्योति चक्मा र शान्ति सहजकर्ता आन्ने डिर्नस्टोफेरद्वारा संस्थाको अवलोकन एवं संस्थागत आँकलन कार्य सम्पन्न ।
- संस्थाका संस्थापक सदस्य श्री रुद्रप्रसाद सापकोटाको २०६९ चैत्र २६ गते भएको असामयिक निधनप्रति सहमति परिवार गहिरो शोक व्यक्त गर्दै यस दुःखद घडीमा स्वर्गीय आत्माको चिर शान्तिको लागि परमेश्वरसँग प्राथाना गर्दै २०६९ चैत्र २७ गते एक दिनका लागि संस्थाको केन्द्रीय कार्यलय र सम्पूर्ण जिल्ला कार्यलयहरु बन्द गर्ने निर्णय ।

सहमति अध्ययन केन्द्र

- जम्मा तालिम सञ्चालन दिन : ६७
- कूल सहभागी : ४१५ (महिला : २८३, पुरुष : १३२)
- जम्मा सहभागी संघसंस्था : १० (राष्ट्रिय/अन्तर्राष्ट्रिय)

सहज स्वास्थ्य सहकारी संस्था लि., नवलपरासी

- २०६९ फागुन ३ गते सहज सामुदायीक अस्पतालद्वारा गैंडाकोटस्थित किसान बचत तथा ऋण सहकारिको परिसरमा साधारण स्वास्थ्य परीक्षण शिविर सम्पन्न । जसमा ५६ जना स्थानीय बासिन्दा लाभान्वित भए ।
- २०६९ चैत्र १७ गते सहज सामुदायीक अस्पतालको आयोजनामा मुकुन्दपुर गाविस स्थित साधारण स्वास्थ्य परीक्षण कार्य सम्पन्न जसमा १३३ जना सहभागि भएका थिए । सो अवसरमा जर्मन नागरिक डा.विनार्तेद्वारा बाल रोग सम्बन्धी स्वास्थ्य जानकारी प्रदान ।
- २०६९ चैत्र २८ मा गैंडाकोट ६ स्थित सहज सामुदायीक अस्पतालको आयोजनामा र जर्मन नागरिक डा. विनार्तोको प्रत्यक्ष सहभागितामा भाग्यदोय प्रा.वि.को प्राङ्गणमा १५ बर्ष मुनिका बालबालिकाहरुको स्वास्थ्य परीक्षण कार्यक्रम सम्पन्न । जसबाट ५४ जना बालबालिकाहरु प्रत्यक्ष लाभान्वित ।
- २०६९ फागुन २ गते जर्मन सांसद र फ्रेड्रिक ईबर्ट स्टिफुन्टुङ्गका नेपालस्थित प्रतिनिधिहरुको सँयुक्त टोलीद्वारा सहज सामुदायीक अस्पतालको निरीक्षण र सो अवसरमा सहज सामुदायीक अस्पतालको सञ्चालक समितिका सदस्य डा. कृष्ण पौडेलद्वारा अस्पतालका गतिविधिहरुको बारेमा प्रस्तुतिकरण ।

❖❖❖

ग्रामिण युवा बिकास कार्यक्रम संचालित चार गा.बि.स.का सहकारीहरुको अवस्था

बिबरण	कार्यक्रम शुरुवातको बर्ष (सन २००८)	जुन २०१३
महिला समुह सँख्या	३०	११०
सहकारी संख्या	४	४
सहकारीहरुमा शेयर सदस्य सँख्या	८८४	२४५१
सहकारीहरुमा शेयर पुँजि रु.	२,२०,६००	१४,६०,०००
सहकारीहरुमा बचत रकम रु.	६,७६,५६१	५१,०४०७३
सहकारीहरुमा ऋण लगानि रकम रु.	१५,८६,९४१	८६,१४,१६९
सहकारीहरुमा कुल कारोबार रु.	१९,४६३९३	१,०६३६८८३
सहकारीहरुमा लिएको बाह्य ऋण रु.	–	१,३३१९५
बाह्य ऋण परिचालन गरेका सहकारी सँख्या	–	३
कार्यालय संचालन गर्ने सहकारी संख्या	–	४
सहकारीहरुमा कर्मचारी संख्या	–	४
आफ्नो जमिन भएको सहकारी सँख्या	–	४

समुन्नति कार्यक्रमका ८ गा.वि.स. मध्ये चार गा.बि.स.मा सञ्चालित सहकारिहरुको अवस्था

बिबरण	जुन २०१३
महिला समुह सँख्या	१४९
समुहमा सदस्य संख्या (महिला/पुरुष)	२९८०
सहकारी संख्या	४
सहकारीहरुमा शेयर सदस्य सँख्या	१५२०
सहकारीहरुमा शेयर पुँजि रु.	१२,१३,५००
सहकारीहरुमा बचत रकम रु.	३३,९३,५०७
सहकारीहरुमा ऋण लगानि रकम रु.	५३,५१,४६३
ऋण असुली दर	९९%
सहकारीहरुमा कुल कारोबार रु.	७,८८,७६२६
सहकारीहरुमा लिएको बाह्य ऋण रु.	३०००००
बाह्य ऋण परिचालन गरेका सहकारी सँख्या	१
कार्यालय संचालन गर्ने सहकारी संख्या	४
सहकारीहरुमा कर्मचारी संख्या	७
आफ्नो जमिन भएको सहकारी सँख्या	२

महिलाहरुको नेतृत्व गर्दै चिन्तादेवी दाहाल

✍ सुकुमाया मोक्तान
स्थानीय सहजकर्ता

"नाम नै चिन्तादेवी त्यसैले आफ्नु र आफ्नो समाजको निम्ति सधै चिन्तनशील छु"यो भनाइ भीमस्थान गाविसमा रहेको अन्नपूर्ण महिला बचत तथा ऋण सहकारी संस्था लिं की संस्थापक समितिकी अध्यक्ष चिन्तादेवी दाहालको हो ।

२०२२ साल श्रावण २४ गतेका दिन सिन्धुली जिल्लाको आम्बोटे गाविसमा जन्मनुभएकी उहाँ सानैदेखि आफ्नो भविष्यप्रति चिन्तित रहेको बताउनुहुन्छ । शिक्षाको हिसाबले टेष्ट पास गर्नुभएकी उहाँ बाल्यकालमा पढ्न नसकेकाले विवाहपछि श्रीमानको सहयोगले पढाईलाई पूरा गर्ने प्रयास गरेको जानकारी दिनुहुन्छ । अहिले भीमस्थान गाविसका महिलाहरुको नेतृत्व गर्दै आउनुभएकी उहाँ पारिवारिक व्यवहारलाई सम्हाल्दै सहकारी, विभिन्न सहयोग संघ संस्थाहरुसँग सम्पर्क समन्वयमा व्यस्त रहेको बताउनुहुन्छ । गाउँले जनजीवन भएकाले छोरी बुहारीलाइ समाजले हेर्ने दृष्टिकोणको सामना गर्दै यहाँसम्म आएको उहाँ सुनाउनुहुन्छ, पहिला कोही नयाँ मान्छे देख्यो भने घरभित्र लुक्ने गरेको कुरालाई सम्झेर हाँस्दै अहिले गाविस, सरकारी निकायमा आफ्नो भनाइहरु राख्न गाविसका सबै महिलाहरुको प्रतिनिधित्व गर्दै आउने गरेको उहाँ सुनाउनुहुन्छ ।

आज भन्दा ३ वर्ष अधिबाट गाउँमा सहमति र प्लानको साझेदारीमा महिला शसक्तिकरण कार्यक्रम लागु भएपछि सहकारी व्यवस्थापनदेखि गाउँका महिला दिदीबहिनीहरुको आर्थिक विकासमा लागी परेको उहाँ बताउनुहुन्छ । दुई छोरा दुई छोरी सहित ६ जनाको पारिवारिक जिम्मेवारीलाई सम्हाल्दै सहमतिको कार्यक्रम लागु नहुँदा पनि समूहमार्फत गाउँका दिदिवहिनी सँगै आफ्नो विकास कसरी गर्न सकिन्छ भन्ने कुरामा सधै चिन्तनशील भएर लागेको उहाँको भनाइ छ । जब सहमति र प्लानको साझेदारीमा हाम्रो गाउँमा व्यवस्थित रुपमा सहकारी सञ्चालन गरियो त्यसपछि सहमति र प्लानले दिलाएको तालिम, भ्रमणको सिकाइले आफुमा नेतृत्व गर्ने क्षमता बढेको उहाँ बताउनुहुन्छ । त्यस्तै सहकारीको अध्यक्ष हुँदा आफ्नो जिम्मेवारीको वारेमा केही थाहा थिएन, जब सहमतिले आयोजना गरेको समूह व्यवस्थापन तालिम, सहकारी व्यवस्थापन तालिम, बचत तथा ऋण नीति तालिम, सहकारीहरुको अध्ययन अवलोकन भ्रमणबाट लिएको सिपले मेरो जिम्मेवारी के रहेछ भन्ने ज्ञान भयो र आफूलाई नेतृत्व तहमा जिम्मेवार भएको महसुस भएको छ उहाँ भन्नुहुन्छ । समाजमा महिलाहरुले बोल्यो भने नेताको उपनाम दिन्थे समुहमा बसौ साथी हो भन्दा कोही मान्दैन थिए, धेरै गारो थियो पहिला अहिले यहाँका महिला दिदीवहिनीहरु धेरै बुझ्ने भएका छौं । संस्थाको जिम्मेवारीका अलवा घरपरिवारको जिम्वेवारी भएका कारण दाउरा घास मेला पातमा जाँदा पनि हामी समूह र सहकारीकै कुरा गर्छौ त्यसैले अव महिलाहरु धेरै बुझ्ने भइसकेको उहाँ सुनाउनुहुन्छ । सहकारीको अध्यक्ष भएका कारण मैले गाउँका दिदी बहिनीलाई छोराछोरीका रुपमा हेरेकी छु , दिनरात घरव्यवहार नभनि सहकारीको हितका निम्ती खटेकी छु उहाँ भन्नुहुन्छ । सहकारीको नाममा जग्गा समेत किनिसकेको बताउँदै उहाँले यीनै महिला दिदिवहिनीहरुको आवाज लिएर प्रतिनिधि भएर गाउँ परिषद्मा कुरा राखे २०६७ सालदेखि गाउँ परिषदबाट बजेट छुट्याएका छौ यो हाम्रो उपलव्धि हो उहाँको भनाइ छ ।

यही म एक्लै आफ्नो लागि माग्न गएको भए पक्कै पाउने थिइन होला तर गाविसका सवै महिलाहरुलाई समेटी उनिहरुको विकास गर्ने उद्देश्यले सञ्चालित महिला बचत तथा ऋण सहकारीको लागि सहयोग माग्दा नदिने त कुरै थिएन सबैले सहकारीको सफलताको शुभकामना दिदै बजेट छुट्याएको उहाँ भन्नुहुन्छ । व्यवस्थित रुपमा सहकारी सञ्चालन गरेको ३ वर्षमा आफ्नो सहकारीमा ९ सय शेयर सदस्य भइसकेकाले भविष्यमा बैक खोज्दै सदरमुकाम धाउनुपर्ने अवस्था नरहने उहाँको विश्वास छ । सहकारीलाई दिगो बनाउन सवै दिदीबहिनीहरु लागी परेकाले आफ्नो नेतृत्वलाई कमजोर ठान्नुहुन्न उहाँ । यो सबै सहमति र प्लानले सम्भव बनाइदिएको भन्दै सहमति र प्लानलाइ धन्यवादको पात्र पनि बनाउनुहुन्छ उहाँ ।

❖❖❖

हार्दिक बधाई

लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिबृद्धी कार्यक्रम, सिन्धुलीमा लघुवित्त सुपरभाईजरको रुपमा कार्यरत **श्री प्रकाश अधिकारी** को २०६९ फागुन १ गते र सोही कार्यक्रममा लघुवित्त सुपरभाईजरको रुपमा कार्यरत **श्री प्रजिता बुढाथोकी** को २०६९ माघ २५ गते प्रणय सुत्रमा बाँधिनु भएकोमा उहाँहरुको दाम्पत्य जीवनको हार्दिक शुभाकामना व्यक्त गर्दछौं ।

सहमति परिवार

ईच्छा र जाँगर भए घर घरमै छ व्यवसाय

✍ होममाया परियार
हत्पते -६,सिन्धुली

मेरो जन्म २०४४।६।१५ गते वुबा हर्ष ब. परियार (दमै) र आमा चिनी दमैको कोखबाट समुदायले दलित भनेर चिनीने एक गरिब र विपन्न परिवारमा भएको हो । परिवारमा ७ जना छौं । हाल मेरो घर हत्पते-६, भलुवाही, सिन्धुलीमा छ ।

हाम्रो परिवारमा बुबाले ठुलो योगदान र निरन्तर संघर्ष गर्नु भएको छ । हात र मुख मात्र लिएर निस्कनु भएको बुबाले यही सिलाई पेशाबाट हामीलाई पालनपोषण र पढाई खर्च जुटाउन भयो यसरी जेनतेन हाम्रो परिवार चल्दै गयो । परिवारको जेठी छोरी भएको कारण बुबा आमाको जिम्मेवारी बिस्तारै मैले पनि निभाउँदै जानु पर्‍यो । त्यस क्रममा म गाउँकै स्कुलबाट एस.एल.सी. पास गरेर क्याम्पस पढ्दै आफुले र परिवारको खर्च व्यवस्थापनमा केहि सहज गराउने उद्देश्यले जागिरको खोजी गरे र गरिवी निवारण अन्तर्गत सामाजिक परिचालिकको रुपमा १ वर्ष काम गरे ।

सामाजिक रुपमा परिचित त होइन तर कमाउनकै लागि जागिर मलाई उचित लागेन त्यस पछि मैले आफ्ना बिचारलाई परिवर्तन गरी आफ्नौ गाउँमा प्लान नेपाल र सहमति संस्थाको सहयोग गरी सञ्चालन हुँदै आइरहेको श्री सगरमाथा महिला बचत तथा ऋण सहकारी संस्था लि. को किशोरी समूहमा बचत गर्न थाले र समूह व्यवस्थापन तालिम लिए पछि आफ्नै व्यवसायलाई निरन्तरता दिने बिचारले समुहबाट ऋण लिएर आफ्नो वुबाले एउटा मेसिन राखी घरखर्च चलाउँदै आउनु भएको पेसा सिलाइ कटाइलाई नै व्यवस्थीत गर्ने सोच राखी सहकारीमा ऋणको लागि कुरा गरे तर मेरो आफ्नै नामबाट ऋण झिक्नको लागि नमिल्ने भएपछि आमा चिनी दमैको नामबाट मिति २०६९।२।१४ मा रु २०,०००। हजार ऋण लिइ मेसिन थप गरेर आफु पनि त्यही व्यवसाय गर्न थाले, कहिले कपडा सिलाउने त कहिले नयाँ सिक्ने इच्छा गर्नेलाई सिकाउँदै गएँ । घरमै रहेको कारण सहकारीमा रहेर काम गर्न पाए । पहिले गाउँ भन्दा बाहिर बसी काम गर्दै गाउँमा राम्ररी पनि पहिचान थिएन अहिले गाउँमा पनि सबैसँग चिनजान हाईहाई छ । आम्दानी पनि घरमै बसि बसि दिनको ८-९ सय हुन्छ । हाल गाउँकै किशोरी शसक्तीकरण अभियान अर्न्तगत जागरण युवा क्लबको अध्यक्ष पनि भएकी छु । साथै जिल्ला स्तरीय किशोरी सञ्जालको पनि अध्यक्ष रहेको छु ।

लघुवित्त र युवा संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम मार्फत पनि भ्रमण गर्ने अवसर पाएँ त्यहाँको अध्ययन अवलोकनले पनि झनवढी मलाई व्यवसायको लागि हौसला बढेको छ । मलाई मेरा साथीहरुले पहिले चाहि तेरो जातिगत पेशा नै गरिस भन्थे र आफुलाई पनि नयाँ केही गर्न सकिन की भन्ने लाग्थ्यो । तर अहिले एक दमै ढुक्क छु । म यो सिलाइ कटाइलाई अझै आधुनिक डिजाइन र समुदायको माग अनुसार तयार गर्नको लागि आफै तालिम पनि सिक्छु र अन्य कामदारहरु राखेर व्यवसायलाई विस्तार गर्ने सोच पनि बनाएकी छु । मलाई लाग्छ जागर सिप र हिम्मत गर्ने हो भने पैसा कमाउनकै लागि भौतारिनु पर्ने रहेनछ । म अहिले घरमै बसी बसी नै २०/२५ हजार मासिक कमाउन सक्छु । ❖❖❖

सक्षम सहकारी, सरस्वती महिला सहकारी

✍ महेन्द्र क्षेत्री
लघुबित्त सुपरभाईजर, लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिबृद्धी कार्यक्रम, सिन्धुली

सिन्धुली जिल्ला रानीचुरी गाउँ विकास समिति वडा नं ५ मा अवस्थित श्री सरस्वती महिला बचत तथा ऋण सहकारी संस्था लि. जिल्लाकै उत्कृष्ट सहकारी मध्ये एक सहकारीकारुपमा परिचित सहकारी हो । वि.स. २०५८ बैशाख १ गते समूह गठन सुरु गरि महिला विकास कार्यालयको सहजिकरणमा संस्थाको स्थापना भएपछि २०६४ सालदेखि सहकारीमा बचत शुरुवात भएको थियो । संस्थाको बचत सँगसँगै संस्थागत विकास हुँदै २०६४ साल माघ २० गते संस्था विधिवतरुपमा डिभिजन सहकारी कार्यालय जनकपुरमा दर्ता भएको थियो । संस्था विकासको क्रममा संस्थाको आफ्नै नाममा १० धुर जग्गा खरिदगरी महिला विकास कार्यालयको सहयोग तथा श्रमदान गरी करिब १४ लाखको लगानीमा आफ्नै ४ कोठे र १ सभाहल सहितको भवन निर्माण सम्पन्न भैसकेको छ ।

संस्थागत विकास संगसगै महिला तथा युवा महिला तथा किशोरीहरुको नेतृत्व तथा व्यवस्थापनमा गरिब तथा विपन्न परिवारमा बचत तथा ऋण सेवा पुर्‍याउने अभिप्रायले सहमतिद्वारा संचालित लघुबित्त संस्थाहरुको संस्थागत क्षमता अभिबृद्धि कार्यक्रम यस सहकारीमा पनि २०६७ मसिरदेखि संचालनमा आएपछि संस्थाको ठोस विकासको क्रम अगाडि बढ्न सुरु भयो । गाउँ विकास समित का ९ वटै वार्डहरुमा विभिन्न शिक्षा शिविर, कर्मचारी तथा संचालक समिति र शेयर सदस्यहरुको क्षमता अभिबृद्धि तालिम तथा विभिन्न जिल्लाहरुमा रहेका सफल सहकारीहरुको अध्ययन अवलोकन भ्रमणले संस्थाका संचालक र शेयर सदस्यहरुमा तिव्र उर्जा थपी दियो र सहकारी संस्थाको विकास दिन दुई गुना र रात चौगुनाका दरमा अगाडि बढ्दै गयो । सबै वार्डहरुबाट सदस्यहरु सहकारीमा आवद्ध हुन थाले । संस्थामा बिल भर्पाई र नियमित कार्यालय संचालनले सदस्यहरुको विश्वास अझ बढ्न पुग्यो । संस्था विकासका क्रमका सम्बन्धमा संस्थाकी अध्यक्ष विन्दा कार्की भन्नुहुन्छ " संस्थाको भौतिक पुर्वाधार तयार भएता पनि हिसाव किताब राख्ने तरीका र समूह सहकारी संचालन गर्ने तरीका नजानेकाले हामी बाटो बिराएको यात्री जस्तै भएका थियौ । सहमति र प्लानले हामीलाई बाटो देखाएर सही गन्तब्यतिर पुर्‍याइ दिएको छ । यसमानेमा हामीहरु धैरै धैरै खुशी छौ "

"रानिचुरीका महिलाहरुको पूर्ण सहभागिता, बैकिङ कारोबारगर्ने सक्षम सहकारी संस्था" भन्ने संस्थाको परिकल्पना अनुरुप सवै वार्डका महिला दिदिबहिनी तथा किशोरीहरुको आयआर्जन बृद्धि गर्नका लागि विभिन्न आयमूलक क्षेत्रमा ऋण लगानी गरी आय आर्जन बढाउन सफल भएको छ । संस्थाको विभिन्न सामाजिक क्षेत्रमा पनि काम गर्दै आएको छ । गाउँ विकास समितिका नौ वटै वार्डमा महिला तथा बालबालिका कार्यालयले लै.स.म.स. कार्यक्रमको सहयोगमा खानेपानी, सिँचाई र गोरेटो निर्माण गरी सदस्यहरुलाई सहयोग पुर्‍याएको छ । समाज र घर परिवारका सदस्यहरुबाट हिंसामा परेका महिलाहरुलाई कानूनी सहायता समिति गठन गरी परामर्श दिने सेवा संचालनका साथै हिंसा पीडित महिलालाई सामान्य आर्थिक सहायता र घरेलु झैझगडा मिलाउने जस्ता सेवा संचालन गरिरहेको छ । ❖❖❖

मेरो अनुभुति

✍ ललिता बि.क.
रतनचुरा गा.वि.स., सिन्धुली

मेरो नाम ललिता बि.क. हो । सिन्धुली जिल्लाको रतनचुरा वडा नं ३ खनियाखर्कमा मेरो घर पर्दछ । मेरो जन्म २०४६ सालमा सामान्य परिवारमा भएको हो । हाम्रो परिवारमा बुवा आमा, दुई भाई, एक भाई बुहारी र म गरी जम्मा छ जनाको परिवार छौं । बुवा आमा कृषि पेशामा आश्रित हुनुहुन्छ । त्यसको अतिरिक्त बुवा परम्परा देखि चलिआएको आरन व्यवसायको काम पनि गर्नुहुन्छ जसबाट आएको कमाईले हाम्रो घर खर्च र पढाई खर्च चलेको थियो । विद्यालय सम्मको अध्ययन जनता उ.मा. खनियाखर्कबाट गरेको थिएँ । उच्च शिक्षा हासिल गर्न सदरमुकाम सिन्धुली बहुमुखी कलेजमा भर्ना सुरु गरेको थिए । घर परिवारको काम र अध्ययन कार्यमा लागेको कारणले समुदायमा मेरो कुनै प्रभाव थिएन ।यसै बिचमा प्लान नेपालसंग साझेदार संस्था ग्रामीण महिला चेतना केन्द्रले व्यवहार परिवर्तनको लागि संचार कार्यक्रमको स्थानीय सहजकर्ताको रुपमा काम गर्ने मौका प्रदान गर्‍यो । महिला शक्ति बचत तथा ऋण सहकारी संस्था अन्तर्गत रहेका ११ वटा महिला बचत समूहहरुमा बाल अधिकार, महिलाको कानुनी अधिकार, महिला पुरुष समविकास, महिलाको संवैधानिक अधिकारको बारेमा सहजिकरण गरिरहेकी छु । त्यसपछि महिला बचत तथा ऋण सहकारी संस्थामा शेयर सदस्य बनी प्रवेश गरे । सहकारीमा हरेक बैठक तथा कार्यक्रमहरुमा सक्रियरुपमा सहभागी हुन थाले । जसले गर्दा गा.वि.स. स्तरमा महिलाहरुका बीचमा चिनजान बढ्न थाल्यो जसको परिणाम स्वरुप महिला शक्ति बचत तथा ऋण सहकारी संस्था लि.को दोस्रो बार्षिक साधारण सभामा सर्बसम्मत रुपमा सचिव पदमा चयन भए । दिदीबहिनीहरुको माया तथा म प्रति को विश्वासले सामाजिक सेवाको क्षेत्रमा लाग्ने थप उर्जा भित्रैदेखि पलाएर आयो । अनि सहमति संस्थाले प्रदान गरेका समूह व्यवस्थापन, सहकारी व्यवस्थापन तालिम, सहकारी सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम तथा निरन्तर प्रदान गरिने सल्लाह तथा परामर्शले मेरो क्षमता अभिबृद्धिमा निरन्तर सहयोग गर्‍यो । सहमति संस्थाबाट प्रदान गरिने विभिन्न तालिमहरुमा स्थानीय स्रोत ब्यक्तिको रुपमा सहभागि भई तालिम सहजिकरण गर्ने क्षमता अभिबृद्धि भइरहेको छ ।

स्थानीय गैर सरकारी संस्था जनजाति समाज विकास कार्यक्रममा सुरुमा सदस्यको रुपमा प्रवेश गरे । सहकारी मार्फत गा.वि.स.मा आफ्ने पहिचान बनाउन सकेको कारणले जनजाति समाज विकास कार्यक्रममा सचिवको भूमिका निर्वाह गर्दै हाल अध्यक्षको रुपमा चयन हुन सफल भएँ । जनजाति समाज विकास कार्यक्रम मार्फत संचालन भएको बाल क्लब व्यवस्थापन तालिममा मुख्य प्रशिक्षको रुपमा भूमिका निर्वाह गर्ने अवसर पाएँ । मेरो यो क्षमताको विकासले गर्दा नवज्योति युवा क्लब, नवबिहानी युवा क्लब भिमेश्वरले संचालन गरेको बाल क्लब ब्यवस्थापन तालिमा मुख्य प्रशिक्षको भूमिका निर्वाह गर्न पाएँ । सहकारीको साधारणसभा तथा अन्य गा.वि.स. स्तरमा हुने कार्यक्रमहरुका कार्यक्रम संचालकको रुपमा भँमिका निर्वाह गर्दै आएको छ ।

आफैंमा यो खालको क्षमता विकास हुनु, गा.वि.स तथा जिल्लास्तरमा पहिचान बन्नुको श्रेय प्लान नेपाल, सहमति, ग्रामीण महिला चेतना जसले मलाई विभिन्न अवसर प्रदान गरी मैले समुदायको भविष्यको रेखा कोर्न सिके । आज यो स्थानमा आइपुग्न सफल गराएकोमा उक्त संस्थाहरुलाई हृदय देखिनै हार्दिक धन्यवाद दिन चाहन्छु । म महिला सहकारीको क्षेत्रमा लागेर अझै आफ्नो पहिचान बनाई सिन्धुली जिल्ला र नेपालमै एक उत्कृष्ट सहकारीकर्मी र यस क्षेत्रको स्रोत व्यक्तिको रुपमा स्थापित हुन चाहन्छु । ❖❖❖

उदाहरण बन्न चाहन्छु

मेरो नाम मनरुपा पुन हो । म निस्कोट गा.वि.स.-२, म्याग्दीको स्थानीय सामुदायिक सहजकर्ता हुँ । मेरो घरमा बुबा (७० वर्ष), आमा (६५ वर्ष), २ बहिनीहरु र एक दाजु हुनुहुन्छ । म सहमतिमा काम गर्न थालेपछि निस्कोट गा.वि.स. को सिर्जना महिला बचत तथा ऋण सहकारीमा पनि सदस्य भएको छु । आफ्नो गाउँको स्थानीय सामुदायिक सहजकर्ता भएपछि र साथै सहकारीमा बसेर मैले महिला दिदीबहिनीहरुलाई महिलाको हक, अधिकार लगायत आयआर्जनका लागि ज्ञान, सीप बढाउनु पर्ने कुरामा जोड दिदै आइरहेकी छु । मैले पनि धेरै समस्या र बाधा अड्चनको सामना गर्नुपरेकोले अरु दिदीबहिनीहरुलाई सचेतना फैलाउँदै सशक्तिकरण गर्न उत्प्रेरित भएकी छु । हामी महिला पनि अगाडि बढ्नु पर्छ, राम्रा काम गरेर देखाउनु पर्छ भन्ने उद्देश्यकासाथ अगाडि बढिरहेकी छु । महिलाहरुमा पैसा भएन भने साथै बचत रकम छैन भने स्वाबलम्बी बन्न सकिन्न तसर्थ बचत गर्नुपर्छ भन्ने भावनाले सहकारीमा धेरै भन्दा धेरै शेयर किन्न र बचत गर्न अरु दिदी बहिनीहरुलाई पनि उत्प्रेरित गरिरहेको छु र आफैं उदाहरण बन्नका लागि मैले रु.५०,०००/- बराबरको ५०० कित्ता शेयर पनि लिएको छु । सहकारी हाम्रो हो, सहकारी हाम्रै लागि हो र सहकारीलाई राम्रो बनाउन पनि हामीले नै हो भनेर सबै दिदीबहिनीहरुलाई सम्झाइरहेको छु । बिग्रिएको घरलाई बनाउनुपर्छ, लगाएको फूललाई स्याहार-सम्भार गर्नुपर्छ भन्ने उद्देश्यकासाथ सहकारीलाई प्रबर्द्धन गर्न लागिपरेको छु । महिलामाथि हुने हिंसा तथा अन्यायको बिरुद्धमा आवाज उठान गर्न प्रेरित गर्छु । महिलाहरुलाई सक्रिय र जागृत बनाउन क्षमता अभिवृद्धिका लागि लागिपरेको छु । सहकारीमा बचत र शेयर रकम बृद्धि गर्न सल्लाह दिइरहेको छु । सहकारीबाट नाफा कमाउन सबै जना सक्रिय हुनुपर्ने र लाग्नुपर्ने साथै हरेक बैठक, तालिम, गोष्ठीमा सहभागी भएर सिक्नुपर्ने कुरालाई जोड दिइरहेको छु र गाउँमा एउटा उदाहरण बन्न चाहन्छु । ❖❖❖

फस्टायो आमबोटेमा महिला सहकारी

✍ सानीमाया कार्की, अध्यक्ष
परोपकारी महिला सहकारी, आमबोटे, सिन्धुली

आमबोटे गा.वि.स. सिन्धुली जिल्लाको पूर्वी एक दुर्गम गा.वि.स. हो । मोटर बाटो पनि नपुगेको यस गा.वि.स.का महिलाहरु अधिकांश अशिक्षित रहेका छन् । महिलाहरु प्राय जसो घरेलु कामकाजमा ब्यस्त हुने गर्दछन् । २/४ जना महिलाहरु मात्र जागिरे रहेका छन् । यस्तो अवस्था रहेको ठाउँमा २०६७ मंसिर १३ गते सहमतिको सहयोगमा परोपकारी महिला बचत तथा ऋण सहकारी संस्थाको स्थापना भयो । स्थानीय विकास कोष, जिल्ला विकास समितको सहयोगमा केही समूह, सहकारी स्थापना पूर्व नै गठन भएका थिए । यी नै समूहहरुलाई आधारमानी महिला सहकारी संस्थाको स्थापना गरिएको थियो । हाल आमबोटे गाविसमा ४१ वटा समूहहरु छन् । गा.वि.स. को कुल घरधुरी ७२३ मा सहकारी संस्थाले ४४६ घरधुरी समाबेस गरिसकेको छ । हाल यस सहकारीमा ६२४ शेयर सदस्य रहेका छन् । सहकारीमा रु ३,१६,०००। शेयर पूँजी जम्मा भएको छ भने रु ६,१९,०००। बचत रकम जम्मा भई परिचालनमा आएको छ त्यसै गरी रु २,३५,०००। जगेडा कोष जम्मा भइसकेको छ । हाल सहकारीमा जम्मा रु ११,७०,०००। बराबरको कारोबार रहेको छ । स्थापना सगै कार्यालय मार्फत एक जना कर्मचारीको परिचालनमा सदस्यहरुलाई दैनिक रुपमा सेवा प्रदान गर्दै आइरहेको छ । संस्थाको भवन निर्माणका लागि जमिनको आवश्कता भएको हुँदा सहकारी संस्थाले हालै १० धुर जमिन खरिद गरेको छ । महिलाहरुको व्यवस्थापनमा संचालित यस सहकारी संस्थाले छोटो समयमानै धेरै प्रगति गरेकोमा गा.वि.स.का स्थानीय संघ संस्था र व्यक्तिहरु दंग परेका छन् । सहकारीको राम्रो प्रगति र यस प्रति समुदायको विश्वास देखेर गाउँ विकास समितिले पनि गत सालबाट नियमितिरुपमा सहकारीलाई आर्थिक सहयोग गर्न थालेको छ । हालसम्म गाउँ विकास समितिबाट रु १ लाख ५७ हजार सहयोग प्राप्त भइसकेको छ । आजभोली सहकारीलाई गाउँ विकास समितिले गाउँ परिषदको बैठकमा पनि प्रतिनिधिको रुपमा बोलाउने गरेको छ जसले गर्दा गाउँ परिषदमा महिलाहरुको हक अधिकार र विकासका क्षेत्रमा नीति नियम बनाउन र बजेट बिनियोजन गर्न सहकारीले पहल र आवश्यकता परेमा दवाब दिन सकेको छ । यसरी आमबोटे जस्तो भौगोलिक रुपमा विकट क्षेत्रमा पनि महिला सहकारीले राम्रो काम गर्न सकेकोमा हामी सबै सदस्य महिलाहरुको उत्तिकै भूमिका रहेको छ । हामीलाई सहयोग गर्ने संघ संस्था र ब्यक्तिहरुलाई हामी धन्यवाद दिन चाहनछौ । हामी महिलाहरु अझै अघि बढ्ने र हाम्रो सहकारीलाई नेपालकै उत्कृष्ट सहकारीको रुपमा विकास गर्ने योजनाकासाथ अघि बढेका छौ । ❖❖❖

सहकारी सञ्चालनका लागि अन्तर्राष्ट्रिय सात सिद्धातहरु

सहकारी ऐनको दफा ३ मा सहकारी सिद्धान्त भन्ने शब्दहरुको प्रयोग गरिएको छ । यद्यपी सहकारी सिद्धान्तको परिभाषा गरिएको छैन । तसर्थ सहकारी सिद्धान्तहरुको आधिकारक जानकारी अन्तराष्ट्रिय सहकारी महासंघ (ICA) को सन् १९९५ को सेप्टेम्बरमा सम्पन्न महासभाबाट व्याख्या गरिएका सहकारी सिद्धान्तहरु निम्न बमोजिम उल्लेख गरिएको छ ।

१) स्वेच्छिक तथा खुल्ला सदस्यता :

सहकारी एक स्वैच्छिक संगठन हो । सहकारीबाट प्राप्त हुने सेवा, सुविधाहरु उपभोग गर्न र सदस्यताको उत्तरदायित्व बहन गर्न स्वीकार गर्नेहरुका लागि लिङ्ग, जाति, सामाजिक, जातीय, राजनैतिक वा धार्मिक भेदभाव बिना यसको सदस्यता खुल्ला रहेको हुन्छ ।

२) सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण :

सहकारी सदस्यहरुद्वारा नियन्त्रित प्रजातान्त्रिक संस्था हो । यसका सदस्यहरु संस्थाको नीति निर्धारण र निर्णय गर्न सक्रिय रुपमा सहभागि हुन्छन् । प्रारम्भिक सहकारी संस्थाका सदस्यहरु एक सदस्य एक मतको अधारमा संस्थाको नीति निर्धारण र निर्णयमा सहभागि रहन्छन् । जति सुकै शेयर खरिद गरेको भए पनि सदस्यहरुका बिचमा समान मताअधिकार (एक व्यक्ति एक मत) रहेको हुन्छ ।

३) सदस्यहरुद्वारा आर्थिक सहभागिता :

सहकारीको पूँजि उपर यसका सदस्यहरुको न्यायिक अथवा सहभागिता र प्रजातान्त्रिक नियन्त्रण रहेको हुन्छ । किन भने उक्त पूँजिको केही भाग सदस्यहरुकै साझा सम्पति हुन्छ । सहकारीमा केही बचत भए सदस्यहरुले शेयर सदस्यता वापत सीमित रुपमा लाभांश प्राप्त गर्दछन् । सदस्यहरुले बचतलाई बिशेष गरि सहकारी विकासका लागि सञ्चित कोष स्थापना गरेर त्यसको निश्चित अंश अविभाज्य हुन्छ ।

४) स्वायत्तता र स्वतन्त्रता :

सहकारी स्वायत्तता, स्वाबलम्वी र सदस्यहरुद्वारा नियन्त्रित संगठन हो । उनीहरुले सरकार तथा अन्य निकायसित कुनै सम्झौता गर्नु पर्दा वा बाह्य श्रोतबाट पूँजि जुटाउनु पर्दा अफ्ना सदस्यहरुको हुने प्रजातान्त्रिक नियन्त्रण र स्वायत्ततामा आँच नआउने शर्तमा गर्दछन् ।

५) शिक्षा, तालिम र सूचना :

सहकारीले आफ्ना सदस्य, निर्वाचित प्रतिनिधि र कर्मचारीलाई सहकारी शिक्षा तथा तालिम प्रदान गर्दछ । यसले गर्दा उनीहरुले सहकारीको विकासका निमित्त प्रभावकारी योगदान पुऱ्याउन सक्षम हुन्छन् । त्यस्तै शिक्षा र तालिमले सर्वसाधारण जनता विशेष गरी तरुण पुस्ता र बैचारिक नेताहरुलाई सहकारीको प्रकृति तथा लाभबारे सुसूचित गर्न मद्दत पुऱ्याउँदछ ।

६) सहकारी बीच पारस्परिक सहयोग :

सहकारीले आफ्ना सदस्यहरुलाई प्रभावकारी तबरले सेवाहरु उपलव्ध गराउँदछन् । सहकारी आन्दोलनको सुदृढीकरणका लागि स्थानीय, क्षेत्रीय र अन्तर्राष्ट्रिय सहकारीताको माध्यमद्वारा परस्पर मिलेर काम गर्दछन् । सदस्यहरु र समुदायहरुको हित गर्न सहकारीहरुले स्थानीय, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय तहमा सहयोग गर्नुपर्छ ।

७) समुदायप्रति चासो :

सदस्यहरुद्वारा निर्धारण गरिएका नीतिहरुकै आधारमा समुदायको हित र दिगो विकासका लागि काम गर्नु सहकारीहरुको जिम्मेवारी भित्रै पर्दछ । जस्तै :–समाजको विकास गर्न, स्कूल, स्वास्थ्य केन्द्र, बाटो घाटो निर्माण गर्न, जनसंख्या, सरसफाई, संस्कृतिको सम्वर्द्धन गर्न सहकारी एक उपयुक्त माध्यम हो । ❖❖❖

सहकारीको क्षेत्रमा परिवर्तन महिला बचत तथा ऋण सहकारी

✍ दीर्घमणि पोखरेल
लघुबित्त सुपरभाईजर, लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिबृद्धी कार्यक्रम, सिन्धुली

सिन्धुली जिल्लाको भद्रकाली गा.वि.स. वडा नं ९ मा परिवर्तन महिला बचत तथा ऋण सहकारी संस्था लि. रहेको छ । सदरमुकाम सिन्धुलीमाडीको उत्तर पश्चिम सिमासंग जोडिएको यो गा.वि.स. भौगोलिक हिसाबले अत्यन्त बिकट मानिन्छ । जनजातिको बहुल्यता रहेको यो गा.वि.स. तामाङ, नेवार, दलित, क्षेत्री, ब्राम्हण आदि समुदायको बसोबास रहेको छ । अधिकांश समुदाय कृषि पेशामा आश्रित रहेको छ । बैदेशिक रोजगारका हिसाबले पनि यो गा.वि.स. अग्रस्थानमा नै छ । कूल ९०३ घरधुरी रहेको यो गा.वि.स.मा परिवर्तन महिला सहकारीले छोटो अवधिमा छुट्टै पहिचान कायम गर्न सफल भएको छ ।

२०६७ मंसिर १३ गते जिल्ला डिभिजन सहकारी कार्यालय धनुषामा विधिवत दर्ता भई कार्य प्रारम्भ गरेको यो सहकारी दर्ता हुनु भन्दा पहिले महिला विकास कार्यालयको सहयोगमा गठन भएका साना साना समूहहरुलाई समेत गठन गरी यो सहकारीको गठन गरिएको हो । शुरुमा सहकारीको शेयर सदस्य विस्तार गर्दा समुदायमा सहकारीप्रतिको विश्वासको कमिले निकै कठीन परेको थियो । सहमतिको सहयोग र सहजिकरणमा सञ्चालक समितिका दिदीबहिनीहरुको सक्रियतामा समुदायमा गई सहकारीको बारेमा छलफल गर्दा बिस्तारै सदस्य बिस्तार हुने क्रम बढ्यो । सहकारीको संचालक समितिको बैठकमा भद्रकाली गा.वि.स.का सबै घरधुरीलाई सहकारीमा आवद्ध गराई सहकारीलाई नेपालमै नमूना सहकारीको रुपमा स्थापीत गराउने निर्णय भयो । सोही अनुरुप अभियान संचालन गरियो ।

एक महिनाको अथक प्रयास पछि यो सहकारीले आफ्नो कार्य क्षेत्रका सत प्रतिशत घरधुरीलाई सहकारीमा आवद्ध गर्न सफल भई ऐतिहासिक सिन्धुलीगढीबाट २०६९ भाद्र २८ गते घोषणा गर्ने कार्य सम्पन्न गरेको छ । कूल ३७ वटा समूह रहेको यो सहकारीका १०१२ जना शेयर सदस्य रहेका छन् । २०७० बैशाख मसान्तसम्म शेयर पुजिँ १० लाख ४ हजार १ सय, बचत रकम १८ लाख १३ हजार ९५, ऋण लगानी रकम ३१ लाख ८७ हजार ७ सय ६९, जगेडा कोष २ लाख ११ हजार ७ सय ८३ रहेको र कुल पूँजी ३५ लाख ३० हजार ५२२ रहेको छ ।

नियमित बचत, खुत्रुके बचत, आवधिक बचत, ऐच्छिक बचत, पर्व बचत र शिक्षा बचत मार्फत बचत संकलन गरेको छ भने आयमुलक ऋण, सामाजिक ऋण र आकस्मिक ऋण गरी ३ प्रकारका क्षेत्रमा ऋण लगानी गरेको छ । हाल आयमूलक ऋण ५० हजारसम्म एक जनालाई लगानी गर्न थालेको छ । भद्रकाली गा.वि.स.का सबै घरधुरीका महिला मिलेर स्थापना गरिएको सहकारीले दिदिबहिनी निर्णय गरेर ५० हजार सम्म लगानी गर्न ३ बर्षका अवधिमा सकेकोमा खुशी व्यक्त गर्नुहुन्छ लेखा समिति संयोजक श्रीमती सूर्यकमारी गौतम । उहाँ भन्नुहुन्छ "सुरुमा सहकारीले बिपन्न बर्गलाई प्रभाव पारी आर्थिक विकासमा सहयोग पुर्‍याई समूदायमा लोकप्रियता हाँसिल गरेको छ ।

व्यवस्थापक श्रीमती भममाय फुईयाल भन्नुहून्छ "महिलाहरुले आयआर्जनका क्रियाकलाप सञ्चालन गर्न पूँजीको कसैको मुख ताक्नुपर्ने जमना गइसकेको र चर्को ब्याजबाट ऋण लिनु पर्ने अवस्था समेत टरेको छ ।" यस सहकारीको बृद्धि विकासमा सहयोग गर्ने भद्रकाली गा.वि.स.का सचिव श्री थलकुमार गौतम भन्नुहुन्छ "यो हाम्रो गाउँ विकास समितको गहना हो, यसलाई सफल वित्तीय सेवा प्रदान गर्न सक्ने उत्कृष्ट सहकारी बनाउनु पर्छ जसले भद्रकाली गा.वि.स. वित्तीय सेवा लिन अन्यत्र जान नपरोस ।"

यसैगरी सहकारीका अध्यक्ष श्रीमती सावित्रा पाटामगर भन्नहुन्छ "यस सहकारी मार्फत गाविसका सम्पूर्ण महिलाहरुको पहिचान बनेको र सबैको आस्था, विश्वास र माया यो सहकारीलाई रहेको छ । साथै सहकारीले हामी सबैलाई चिनाउन सफल भएको छ ।"

छोटो समयमा आफ्नो कार्यक्षेत्रका सबै घरधुरीलाई आफ्नो सहकारीमा आवद्ध गराउन सफल भएकोमा गा.वि.स.को कार्यालयले प्रशंसा-पत्र सहित सम्मान गरेको छ । जिल्ला सहकारी संघ सिन्धुलीले ५६ औं राष्ट्रिय सहकारी दिवसको अवसर पारेर एक भव्य कार्यक्रमका बिच प्रशंसा-पत्र सहित सम्मान गरेको छ भने नवलपरासी तथा म्याग्दीबाट भ्रमण टोली आई अध्ययन अवलोकन समेत गरेका छन् । बि.वि.सी. नेपाली सेवा, कान्तिपुर राष्ट्रिय दैनिक, अभियान आर्थिक दैनिक, सि.आइं.एन.का. साझा खवर, स्थानीय पत्रपत्रिका तथा एफ.एम.मा समेत यस सहकारीले गरेका उल्लेखनीय कार्यहरु प्रकाशन तथा प्रशारण भएका छन् ।

परिवर्तन महिला बचत तथा महिला ऋण सहकारी संस्थाले छोटो समयमा उल्लेखनीय तथा नमूना कार्य गरी समुदायमा राम्रो कार्य गरेको छ । छोटो समयमा यो स्थितिमा आइपुग्नुमा गाउँ विकास समितिको कार्यालय, प्लान नेपाल, सहमति, महिला विकास कार्यालय, स्थानीय संघ-संस्था एवं राजनैतिक दल, समाजसेवी, बुद्धिजीवी आदि सेवाको उत्तिकै योगदान रहेको छ । यो सहकारीलाई अझै बृद्धि विकास गर्नका लागि सम्पूर्ण भद्रकाली गा.वि.स. बासी दाजुभाई तथा दिदिबहिनीहरु कम्मर कसेर लागि पर्ने बेला भएको छ । परिवर्तन महिला सहकारीले बिगत ३ बर्षमा जुन हिसाबले प्रगति गरेको छ त्यही गतिमा अघि बढ्दै गएमा निकट भविष्यमा यस सहकारी नेपालकै एक उत्कृष्ट महिला सहकारीको रुपमा विकास हुन सक्ने सम्भावना रहेको छ । यस सहकारी संस्थाका सिकाइहरुलाई अन्य सहकारी र क्षेत्रहरुमा लगाउन सकेका सामाजिक-आर्थिक विकासका क्षेत्रमा छिट्टै नै सफलता प्राप्त गर्न सकिने कुरामा दुई मत छैन् । ❖❖❖

सहकारीले ल्यायो सानीमायामा परिवर्तन

✍ सुनिता भण्डारी
लघुबित्त सुपरभाईजर, लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिबृद्धी कार्यक्रम, सिन्धुली

खोटाङ जिल्ला बाहुने डाँडा गाविस वडा नं. २ मा आमा झर्कमाया कार्की र बुबा खड्ग बहादुर कार्कीको माइली छोरीको रुपमा २०२८ सालमा जन्मनु भएकी सानीमाया कार्कीलाई सहकारीकर्मीको रुपमा चिन्न सकिन्छ । सिन्धुली जिल्लाको आम्वोटे गाविसमा रहेको परोपकारी महिला बचत तथा ऋण सहकारी संस्थाको अध्यक्ष भएर उहाँ सक्रिय रुपमा लागि पर्नुभएको छ ।

२०४५ साल फागुनमा छेक बहादुर खत्रीसंग बैवाहिक बन्धनमा बाधिएर खोटाङ जिल्लावाट सिन्धुली आइपुग्नुभएकी उहाँ विवाह अघि पढ्ने मन हुँदा हुँदै पनि पढ्न नपाएको गुनासो गर्नुहुन्छ । पराइ घरलाई पनि आफ्नो घर ठानी घरपरिवारको सल्लाहमा विवाहपछि पनि पढाइलाइ निरन्तरता दिन सफल भएको कुरामा खुसी व्यक्त गर्नुहुन्छ । आइ.ए. पास गरि गाउँकै विद्यालयमा शिक्षक बन्ने अवसर पनि उहाले पाउनुभयो । जतिनै कमाई धन सम्पत्ति भए पनि त्यति बेला बचत गर्ने कुनै माध्यम थिएन त्यसैले कमाएको पैसा खर्च गरेरै सकिन्थ्यो उहाँ भन्नुहुन्छ । त्यसरी नै गुजरा चलिरहेको थियो जिल्ला विकास समिति अन्तर्गत स्थानीय विकास कोषबाट आम्वोटे गाविसमा २०५८ सालमा समुह गठन गरि बचत गर्न सुरु गरियो त्यस बेला उहाले व्यवस्थापक भएर काम गर्ने अवसर पनि पाएको बताउनुहुन्छ । समूहमा बचत गरि समुहमै लगानी गरिन्थ्यो तर स्थानीय विकास कोषले लामो समय काम नगरेकाले समुह पनि सक्रिय नरहेको अवस्था भोगिरहँदा २०६७ साल बैशाखमा प्लान नेपालको आर्थिक सहयोगमा सहमति र सिड्स नेपालद्वारा सहकारी संस्थाको सुरुवात गर्ने क्रममा २०६७ मंसिर १३ गते सहकारी दर्ता गरि समुह मार्फत बचत गर्न सुरु गरियो त्यस बेला आम्वोटेमा ठूलै बैंकको स्थापना भएको जस्तो महसुस भएको थियो उहाँ भन्नुहुन्छ । त्यति बेला आम्वोटेका महिलाहरुलाई समुह र सहकारी भन्दा आफ्नो घर धन्दा र चुलो चौको सम्हाल्न हतार पर्थ्यो । सहकारीमा बसौं बचत गरौं भन्दा कोही मान्ने अवस्था थिएन तर अहिले ६ सय भन्दा बढी सदस्यहरु सहकारीमा आवद्ध भइसकेका छन , यो परिवर्तन सहमतिद्वारा संचालित विभिन्न क्षमतामूलक तालिम ,भ्रमण र दैनिक परामर्श सेवाद्वारा सम्भव भएको हो । सहकारी स्थापनासँगै सुरुको अवस्थामा गाउँले जीवन घरव्यवहार अनि शिक्षण पेशालाई सम्हाल्दै गाउँगाउँमा गएर समुह प्रवर्द्धन, बचत, शेयर बृद्धि गर्न लगातार लागी परे उहाँ सुनाउनुहुन्छ ।

छरछिमेकीले बुहारीलाई बाठी भएर किन हिड्न दिएको घरघन्दाको काम लथालिङ्ग पारेर भनि सासुलाई कुरा लगाउथे तर श्रीमान पनि पढेलेखेका अनि परिवार पनि शिक्षित भएका कारण सहकारीको विकासमा लागि पर्न मलाइ त्यति गाह्रो भएन–सानीमाया भन्नुहुन्छ । घरको काम छाडेर दिनरात सहकारीको काममा हिँड्दा व्यवहार त मिलाउन गाह्रो नै हुन्थ्यो तर केहि पाउन केही गुमाउनुपर्छ भन्ने भनाइलाई आत्मसात् गरेकाले आज आम्वोटेका सबै दिदीबहिनीको अभिभावक बन्न सफल भएकी छु भन्दै उहाँ खुसी व्यक्त गर्नुहुन्छ । जव म यस संस्थाको अध्यक्ष भएँ । तब मेरो जिम्वेवारी धेरै बढेको साथै सबै दिदीबहिनीसँग चिनजान र परिचित हुने मौका पाएँ उहाँको भनाइ छ । सहकारीकै माध्यमवाट विभिन्न संघसंस्थासंगको समन्वयबाट चिनजानको अवसर अनि सहकारीकै माध्यमबाट जिल्ला स्तरको सहकारी संघमा प्रतिनिधि हुने अवसर जुटेको कुरालाइ उहा नकार्नु हुन्न । सदरमुकामदेखि टाढा अनि भौगोलिक विकटताले जेलिरहेको गाविसमा प्लानले कार्यक्रम लागु गरि घर भन्दा बाहिरका संसार नबुझेका महिलालाइ घरभन्दा बाहिर निकाली केहि हदसम्म सक्षम बनाउन सफल भएकाले आम्वोटेको सानुमाया कार्की यहाँसम्म आएको उहाँ भन्नुहुन्छ । जसरी जन्मदिने बाबु आमालाई सर्वश्व ठानिन्छ त्यसरीनै हामीलाई नयाँ बाटो देखाइ विकासको गतिमा लम्काउने प्लान, सहमतिलाइ सर्वश्व ठानेको उहाँ बताउनुहुन्छ । जसरी आमवोटे गाविसका महिलाहरुलाई बचत तथा ऋणको कार्यक्रम लागु गराइ उनिहरुको आर्थिकसँगै सामाजिक विकासमा अघि बढाएकाले प्लान, सहमतिको सहयोगलाई मूर्त रुप दिन हामी सबै सहकारी र आफ्नो विकासमा लागीपर्ने प्रतिबद्धता गर्दै प्लान, सहमतिलाई धन्यवाद दिन चाहानुहुन्छ ।

❖❖❖

स्वाबलम्बी समूहहरु तथा महिला सहकारी प्रबर्द्धन कार्यक्रम संचालित बागलुङ र म्याग्दी जिल्लाका १८ गा.वि.स.का सहकारीहरुको अवस्था

बिबरण	कार्यक्रम शुरुवातको बर्ष (२०१२)	जुन २०१३
महिला समुह संख्या	१५	४०८
महिला समुहमा सदस्य संख्या	२४६	८६६८
महिला सहकारी संख्या	५	१८
सहकारीहरुमा शेयर सदस्य सँख्या	११२७	३४९४
सहकारीहरुमा शेयर पुँजि रु.	१७,६९,५००/००	३४,५२,३३०/००
सहकारीहरुमा बचत रकम रु.	३४,७२,०१५/००	६१,८३,१६८/००
सहकारीहरुमा ऋण लगानि रकम रु.	३५,५१,५७८/००	१,२२,२४,३१८/००
ऋण असुली दर	९८ प्रतिशत	९९ प्रतिशत
सहकारीहरुमा कुल कारोबार रु.	८७,९३,०९३/००	२,१८,५९,८१६/००
सहकारीहरुमा लिएको बाह्य ऋण रु.	५,००,०००/००	५,००,०००/००
बाह्य ऋण परिचालन गरेका सहकारी संख्या	१	१
कार्यालय संचालन गर्ने सहकारी संख्या	४	१८
सहकारीहरुमा कर्मचारी संख्या	३	१८
आफ्नो जमिन भएको सहकारी सँख्या	२	२

लघुवित्त तथा युवा संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम (CBMFIYO), सिन्धुलीका केही झलकहरु

शतप्रतिशत घरधुरी आवद्धता घोषणा सभामा बोल्दै महिला सहकारीकर्मी

शतप्रतिशत घरधुरी आवद्धता घोषणा सभामा हस्ताक्षर गर्दै जिविसका प्रतिनिधिहरु

पुरस्कार ग्रहण गर्दै महिला सहकारीकर्मी

संस्था व्यवस्थापन तालिममा सहभागी किशोरी युवा संस्थाका प्रतिनिधिहरु, सिन्धुली

वित्तीय व्यवस्थापन तालिमका सहभागीहरु, सिन्धुली

महिला मिलन बचत तथा सहकारी, मकवानपुरमा अध्ययन अवलोकन भ्रमणका सहभागीहरु

शतप्रतिशत घरधुरी आवद्धता घोषणा सभामा सहभागी हुँदै महिलाहरु

चार गाविसका सबै घर सहकारीमा

शतप्रतिशत घरधुरी आवद्धता घोषणा सभाको बारेमा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित समाचार

महिला बचत तथा ऋण सहकारी संस्थामा

शतप्रतिशत घरघुरी आवद्धता घोषणा सभा

२०६९ भाद्र २८

सिन्धुली

कदर-पत्र

यस सिन्धुली जिल्ला अन्तर्गत भद्रकाली, रतनचुरा, जलकन्या र भिमेश्वर गाउँ विकास समितिमा विगत ३० महिनादेखि लघुबित्त संस्थाहरुको संस्थागत क्षमता अभिबृद्धि कार्यक्रम मार्फत महिला बचत तथा ऋण सहकारी संस्थाहरुको प्रवर्धन र क्षमता अभिबृद्धिमा सहयोग गर्नुहुने सहमति, गैडाकोट नवलपरासी लाई महिला बचत तथा ऋण सहकारी संस्थामा शत प्रतिशत घरधुरी आवद्धता धोषणा सभाको आवसरमा स-धन्यबाद यो कदर पत्र प्रदान गरिएको छ ।

सागरकुमार ढकाल
सभापति
कार्यक्रम अधिकृत
जिल्ला विकास समिति, सिन्धुली

बद्री श्रेष्ठ
प्रमुख अतिथि
प्रोग्राम यूनिट मेनेजर
प्लान नेपाल, सिन्धुली

लक्ष्मी प्रसाद देवकोटा
गा.वि.स. सचिव, रतनचुरा
सिन्धुली

थलकुमार गौतम
गा.वि.स. सचिव, भद्रकाली
सिन्धुली

बिष्णुप्रसाद भण्डारी
गा.वि.स. सचिव, जलकन्या
सिन्धुली

तिर्थकुमार भण्डारी
गा.वि.स. सचिव, भिमेश्वर
सिन्धुली

प्रेषक

सहमति

गैडाकोट–५ नवलपरासी

फोन नं.: ०५६-५०२०९०

E-mail:sahamati@wlink.com.np

Website : www.sahamati.org

प्रापक

टिकट